# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

शिक्षाले व्यक्तिको जीवनमा ज्ञान,सीप, र मनोवृक्ति प्रदान गरी समय सापेक्ष व्यवहार गर्न र नयाँ एवं वदलिदो सामाजिक परिवेशमा समायोजन हुन सक्षम बनाउँदछ । शिक्षाका असल दृष्टिकोण  र व्यवहारिक सिपले सामाजिक आवश्यकता अनुरुप मूल्यको निर्धारण हुने गर्दछ । समाजमा विभिन्न संस्कृतिका प्रथा र प्रचलनहरुका अभ्यास भइरहेका हुन्छन् र त्यस्ता अभ्यासहरुलाई सरल र सुसंस्कृत रुपमा संचालन गर्न व्यक्तिको अन्तरनिहित क्षमतालाई प्रस्फुटित गर्न सक्षम बनाउने साधन नै शिक्षा हो । शिक्षाविद को एण्ड कोका अनुसार “शिक्षा आदत, ज्ञान र अभिवृक्तिहरुको आर्जन हो”। शिक्षाले व्यक्तिको सम्पूर्ण क्षमताहरुको नियन्त्रण गरी उसका संभाव्य चाहनाहरु पुरा गराउँदछ, शिक्षामा शिक्षक विद्यार्थी र समाज सहितको त्रिमुखी प्रक्रिया हुने भएकोले यसको समाष्टिगत  स्वरुपनै शिक्षा हो, वाग्ले र साथीहरु, (०५७ : ३१) । अमेरीकी शिक्षा शास्त्री जोन डिबेका अनुसार “व्यक्तिका  सम्पूर्ण क्षमताहरुको विकास गराउनु नै शिक्षा हो, शिक्षाले व्यक्तिलाई आफ्ना वातावरणहरुको नियन्त्रण गरी उसका सम्भाव्य चाहनाहरु पूरा गराउँदछ, शिक्षामा शिक्षक विद्यार्थी र समाज सहितको त्रिमुखी प्रक्रिया हुने भएकोले यसको समष्टिगत स्वरुप नै शिक्षा हो,  शिक्षा जगतको पत्रिका शिक्षा (२०६४ : १२९) । अनौपचारिक शिक्षामा सिकारुले आफैले गरेर सिक्दछन् र स्वयंका सहभागिताबाट आफ्नो मूल्याङ्कन गर्दछन् । कुनै पनि उमेर समूह पेशा व्यावसाय शिक्षित अशिक्षित सवै मानिसका लागि जीवनपर्यन्त प्रयोगमा अनौपचारिक शिक्षा आईरहन्छ ।

सिकाईको निरन्तरता दिन, ज्ञान, सीप र क्षमताको विकासका लागि गरिने कार्यलाई मानवीय क्षमता चाहिन्छ र मानवीय क्षमताको विकास प्रारम्भिक आधार साक्षरता नै भएकोले यसको दिगोपनका लागी परापूर्वकाल देखि विभिन्न रुपबाट हालसम्म मानवीय प्रयत्न भएको पाइन्छ । सन् २००३ देखि २०१२ सम्मको अवधिलाई संयुक्त राष्ट्र संघले विश्व साक्षरता दशकका रुपमा घोषणा गरेको छ । साक्षरतालाई सामाजिक परिवर्तन र दिगो विकासका आधारलाई विकाससँग आबद्ध गरिएको छ । मानव

अधिकारको एउटा आधारको रुपमा साक्षरतालाई स्वीकार गरी सबैका लागि शिक्षाका कार्यक्रममा यसलाई एउटा स्तम्भको रुपमा समावेश गरेर आधारभूत शिक्षामा यसको महत्वलाई विशेष स्थान दिइएको छ । सबैका लागि शिक्षा, सहश्राब्दी विकासका लक्ष्यहरु, दिगो विकासका एजेण्डा आदि विभिन्न कार्यक्रममा साक्षरताका कार्यक्रमहरु समावेश गरी निरक्षरतालाई न्यूनीकरण गर्ने कार्यक्रम अघि सारेको पाइएको छ ।

नेपालमा साक्षरता कार्यक्रम संचालनको आधा शदाब्दी बितिसकेको छ । सरकारले निरन्तर लगानी गरिरहेको छ, अझपनि राष्ट्रको सामाजिक तथा आर्थिक परिवर्तन तथा विकासको बाधक साक्षरता बनिरहेको छ । विभिन्न नाम र चरणमा संचालित साक्षरता कार्यक्रमले नगन्य परिवर्तन भएको छ तर राष्ट्रको लगानी मुताबिकको साक्षरता प्रतिशत वृद्धि हुन सकेको छैन ।

नेपालमा पाउलो फ्रेरेको सिद्धान्तलाई भित्राउने काम सन् १९७९ मा नयाँ गोरेटो नामक सामग्रीले गरेको पाइन्छ, के.सी.(२००९) । यो सामग्री तयार गर्दा विशेष गरी ग्रामीण प्रौढ सहभागीहरुको आवश्यकतालाई दृष्टिगत गरी तयार पारिएको र उक्त अवधारणालाई महिला साक्षरता, चेलीबेटी तथा बालशिक्षाका सामग्री निर्माणमा पनि प्रयोगमा ल्याउन थालिएको छ । नेपालको सन्भर्दमा तयार पारिएका साक्षरता सामग्रीहरु पाउलो फ्रेरेको सिद्धान्तअनुसार व्यावहारिक ढंगले तयार गरी छलफलको विधिलाई प्रयोगमा ल्याएको छ वा छैन ? यो आजको नेपालको परिवेशमा सान्दर्भिक सबाल बनेको छ ।

१५ बर्ष देखि ६० बर्ष उमेर समूहका देशभित्र रहेका सम्पूर्ण निरक्षर महिला तथा पुरुषहरुलाई साक्षर गराउन राज्यका तर्फबाट महोत्सवको रुपमा गरिने परिर्वतनको विकासको कार्यलाई राष्ट्रिय साक्षरता अभियान भनिन्छ । मुलुकका सबै राजनैतिक दलहरु, सरकारी तथा गै.स.स. हरु विद्यालय, सा.अ.के., औद्योगिक प्रतिष्ठान, बुद्धिजीवी पत्रकार, संचारकर्मी, समाजसेवी, अभिभावक, शिक्षक, विद्यार्थी र नागरिक समाज सबैको सक्रिय सहभागिता र ऐक्यबद्धताबाट योजनाबद्ध रुपले वस्तुनिष्ठ तथ्याङ्कको आधारमा रही निरक्षरहरुलाई साक्षर गराउन संचालन गरिएको कार्यक्रम नै राष्ट्रिय साक्षरता अभियान हो । नेपालमा वि.सं.२०६६ फाल्गुन १ गते देखि दैनिक २ घण्टाका दरले हप्तामा ६ दिनमा वा न्यूनतम ७५ दिनमा जम्मा १५० घण्टा संचालन गरी ३ महिनामा सम्पन्न गरिएको कक्षाबाट साक्षर पारिने

योजना साक्षरता अभियान थियो । वि.सं. २०६६ बाट यो कार्यक्रम आजका दिनहरुसम्म निरन्तर रुपमा निर्देशिका बमोजिम संचालन भइरहेको छ ।

प्रशिद्ध शिक्षा विद पाउलेफ्रेरेका अनुसार “कुनै पूर्व निर्धारित वा पहिले नै निश्चित गरिएका पाठ्यक्रममा केही पनि नजान्ने ठानिएका विद्यार्थीहरुलाई अरुको बासी पुराण घोकाउने प्रक्रिया औपचारिक शिक्षा हो भने त्यसको ठीक विपरीत सिकारुहरुको सुषुप्त प्रतिभाको कदर गरी उनीहरुकै ईच्छा र आवश्यकता अनुरुप आपसमा सिक्ने र सिकाउने प्रक्रिया अनौपचारिक शिक्षा हो ” शर्मा र शर्मा, (२०६३ : ३०९) । “औपचारिक शिक्षाले मात्र सबै नागरिकको शिक्षाको अवसर र आवश्यकता पूर्ति गर्न नसकिरहेको अवस्थामा अनौपचारिक शिक्षालाई पुरक सबै वैकल्पिक माध्यमको रुपमा लिई समाजमा पिछडिएका वर्गलाई समेत राष्ट्रको शैक्षिक प्रक्रियाको मुलधारमा शशक्तिकरण र चेतनाकरणको माध्यमबाट समाहित गरी उनीहरको जीवनस्तरमा सुधार ल्याउने प्रयास गरिएको हुन्छ ” **NCED,** (२०६६:२३) । शिक्षाविद विष्णु प्रसाद अधिकारीका अनुसार “नेपालको अन्तरीम योजनाको दूरदृष्टि, उद्देश्य, रणनीति तथा नीतिहरु कार्यान्वयनमा ल्याउन योजनाले साक्षरता, साक्षारोत्तर शिक्षा तथा आयमूलक कार्यक्रम अर्न्तगत ११,९९,००० जनाको लागि आधारभूत तहको साक्षरता प्रदान गर्ने गाउँ शिक्षा योजना तयार भएका ६०० गा.वि.स. अभियानको रुपमा साक्षरता कार्यक्रम चलाउने अति सीमान्तकृत र लोपोन्मुख जानजातिहरुका २,००,००० जनाका लागि आयमूलक आधारभूत साक्षरता कार्यक्रम संचालन गर्ने , ७९४,२४७ जनाका लागि साक्षारोत्तर शिक्षा दिने १२९ वाटा सामुदायिक विकास केन्द्र संचालन गर्ने र ५ वटा सामुदायिक केन्द्रमार्फत साक्षरता कार्यक्रममा सुचना तथा संचार प्रविधिको प्रयोग गर्ने कार्यक्रम रहेको छ, शिक्षा पत्रिका (२०६४ )।

हाल नेपालमा संचालन भइरहेको विद्यालय क्षेत्र सुधार योजना (**SSRP**) मा साक्षरतालाई शिक्षाको आधारको रुपमा लिइएको छ । साक्षरता शिक्षालाई सबै युवा तथा प्रौढहरुको अधिकारका रुपमा प्रतिस्थापन गरी निरन्तर शिक्षा तर्फ अग्रसर गराई उनीहरुको क्षमता अभिवृद्धि गर्ने र समाजमा सक्रिय सहभागी हुन सक्ने वातावरण सिर्जना हुने विश्वासले यो कार्यक्रम संचालन भइरहेको छ । राष्ट्रिय योजना आयोगको विभिन्न लक्ष्यहरु मध्ये आगामी ३ बर्षमा साक्षरता ९० प्रतिशत पुऱ्याउने लक्ष्य सार्वजनिक भइसकेको छ । त्यसैले त्रीबर्षीय अन्तरिम योजनामा शिक्षामासबै नागरिकको पहुँच

सुनिश्चित गरी साक्षर बनाउने उद्देश्य राखिएको छ । यसका लागि  लक्षित वर्ग, विशेष गरी महिला, दलित, आदिवासी, जनजाती, मधेशी समुदाय, उत्पीडित तथा अपाङ्ग लगायत द्वन्द्व प्रभावित समूह केन्द्रित साक्षरता साक्षरोत्तर शिक्षा, आयमूलक र जीवनपयोगी अनौपचारिक शिक्षालाई अभियानको रुपमा संचालन गरिएको छ र **SSRP** ले यसै तथ्यलाई निर्दिष्ट गरेको छ ।

साक्षरता अभियान अनौपचारिक शिक्षा भित्र पर्ने एउटा कार्यक्रम भएको र निरक्षरतालाई उन्मुलन गर्नु कुनै पनि देशको लागि एउटा ठूलो जिम्मेवारी र चुनौतिको विषय भएकोले सन २०१५ सम्मको सवैको लागि शिक्षा कार्यक्रम प्रतिको सरकारको प्रतिवद्धता  पुरा गर्नको लागि यो कार्यक्रम नेपलामा वि.सं. २०६५ देखि अभियानको रुपमा संचालन भईरहेको छ । नेपालमा जनआन्दोलन मार्फत नेपाली जनताले व्यक्त गरेका भावना अनुरुप प्रतिनिधिसभाको घोषणा, राजनैतिक तहमा भएका सहमति अन्तरिम संविधान २०६३ मा रहेका राज्यका दायित्व निर्देशक सिद्धान्त र नीति एवं अन्तरिम सरकारको न्यूनतम साझा कार्यक्रमलाई निर्देशक दस्तावेज एवं विश्वसम्मेलन  र यसमा नेपालले जनाएका प्रतिवद्धता समेतलाई ध्यान दिई २०६५ साल देखि वर्तमान समय २०६८ मा पनि यो राष्ट्रिय साक्षरता अभियान कार्यक्रम अधिराज्यभर संचालन भईरहेको छ । विगत वर्षमा संचालन भएका साक्षरता अभियानले निरक्षरता उन्मुलन  कार्यक्रममा पारेको प्रभावलाई अनौपचारिक शिक्षा , यसका विभिन्न परिवेश, विश्वको सन्दर्भ , नेपालको सन्दर्भ समेतलाई २०६५ देखि नेपालमा संचालन भएको राष्ट्रिय साक्षरता अभियानसंगै सम्बन्धित गरी शोधपत्रमा उल्लेख गरिएकोछ ।

## नेपालमा अनौपचारिक शिक्षाको विकासक्रम

सत्ययुगमा सत्यवती, त्रेतायुगमा तपोवन, द्वापर युगमा मुक्तिसोपान र कलि युगमा नेपाल भनेर चिनिने यस आर्यभूमिको शिक्षाको दीर्घकालीन एवं सन्तुलित विकासका लागि बैद्धिककाल देखि नै अनौपचारिक शिक्षाको विकास भएको पाइन्छ । बौद्धिक कालमा नेपालको शिक्षा पद्धति गुरुकुल प्रणालीमा आधारित थियो । हिन्दू धर्म अनुसार मानव जीवनका चार आश्रममध्ये ब्रम्हचाय आश्रम. गुरुकुल वा गुरु आश्रममै बिताएर शिक्षा आर्जन गर्नु पर्दथ्यो । राजा महाराजाहरुको थोर बहुत संलग्नता भएपनि गुरुकुलहरु जनसहभागीताबाटै चलेका हुन्थे, बराल, वि.नि.दिग्दर्शन (०६०:१७३) । नेपालमा वि.सं. २००४ मा थालनी भएको आधार शिक्षालाई अनौपचारिक शिक्षाको औपचारिक थालनीको रुपमा

लिइन्छ । आधार शिक्षाले नेपालमा सर्वप्रथम ३ महिने प्रौढ शिक्षाको थालनी गरेको पाइन्छ । यसले साक्षरता कार्यक्रमका लागि कक्षा ६,७, ८ का विद्यार्थीहरुलाई गाउँ निरक्षर प्रौढहरुलाई पढाउन खटाएको थियो । ग्रामसेवक विद्यालय पुरुषहरुको लागि र ग्रामसेविका विद्यालय महिलाहरुको लागि स्थापना गरिएका थिए । यी विद्यालयहरुमा पुरुषहरुलाई विकास तथा परिवर्तनका लागि तथा महिलाहरुलाई बुनाई, सिलाई, स्वास्थ्य सरसफाई लेखाइपढाई सम्बन्धी तालिम दिइन्थ्यो । त्यसबेला हालको अनौपचारिक शिक्षालाई प्रौढ शिक्षाका नामबाट चिनिन्थ्यो । नेपालको अनौपचारिक शिक्षाको योजनाबद्ध विकास वि.सं. २०१३ सालबाट भएको हो । नेपालमा संचालन भएका शिक्षा परियोजनाहरु सेती परियोजना, प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना प्रथम र दोश्रो सबैको लागि शिक्षा कार्यक्रम समेतले विभिन्न चरणमा अनौपचारिक शिक्षाका कार्यक्रम संचालन गरेको छ । विभिन्न समयका शिक्षा योजना आयोगका प्रतिवेदनहरु, रा.शि.प. २०२८ देखि वैधानिक रुपमै अनौपचारिक शिक्षाका कार्यक्रमहरु संचालन भएका छन । हाल विद्यालय क्षेत्र सुधार कार्यक्रम सुरुवात भइ कार्यान्वयनको अवस्थामा छ । यस कार्यक्रम अन्तर्गत महिला शिक्षा, प्रौढ शिक्षा तथा साक्षरता कार्यक्रमहरु संचालित छन भने केन्द्रिय स्तरमा अनौपचारिक शिक्षा केन्द्रको स्थापना भई नेपालका सबै जिल्लाहरुमा जिल्ला शिक्षा कार्यालय मार्फत सबै सरोकारवालासँग समन्वय गरी अनौपचारिक शिक्षाका विभिन्न कार्यक्रम संचालन भइरहेका छन वाग्ले, (२०६६:५,६) ।

## राष्ट्रिय साक्षरता अभियान (२०६५)

देशबाट निरक्षता उन्मूलन गर्न नेपालको सन्दर्भमा भयानक चुनौतीको बिषय हुँदा हुदैपनि सरकारी क्षेत्रबाट वि.सं. २०६५ मा यो कार्यक्रम देशका ७५ वटै जिल्लामा संचालन गरियो । लक्षित गरिएका १५-६० बर्ष समूहका सबै निरक्षरहरुको निरक्षरता उन्मूलन गर्न संकल्पका साथ नेपाल सरकारले शिक्षा नियमावली २०५९ को नियम १९२ खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय साक्षरता अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६५ बनाई जारी गरेको थियो । कार्यक्रम लागू भएको बर्ष अधिराज्य भरका सबै गा.वि.स., न.पा. का प्रत्येक वडाबाट एक एक जना स्वयंसेवक र प्रत्येक गाविस बाट एक जना स्थानीय निरीक्षक छनोट गरी उनीहरुलाई ५ दिनको तालिम संचालन गरी ३ महिना कक्षा संचालन गर्नको लागी परिचालन गरिएको थियो ।

सन् १९६५ को निरक्षरता उन्मूलन सम्बन्धी विश्व सम्मेलनले साक्षरताको परम्परागत धारणा **3R** को सट्टा **7R**[2] मा जोड दिई निम्न अनुसारको परिभाषा दिएको छ ।

*"तत्काल जीवनस्तर सुधार्न सक्ने गरी सूचना, ज्ञान प्राप्त गर्ने अवसरको रुपमा पढन लेख्न पाउनु पर्दछ । पढ्ने लेख्ने कुरा प्रारम्भिक साधारण ज्ञान मात्र हैन, उत्पादकत्व वा तालिमको काम गर्नु पर्दछ आफ्नो वरपरको जगतलाई राम्रोसँग बुझेर नागरिक जीवनमा सहभागी हुनसक्ने र यही क्रममा आधारभूत मानवीय संस्कृतिको ढोका खोल्ने काम नै साक्षरताको हुनु पर्दछ "*

नेपालमा जनआन्दोलन मार्फत नेपाली जनताले व्यक्त गरेका भावना अनुरुप प्रतिनिधी सभाको घोषणा, राजनीतिक तहमा भएका सहमति, अन्तरिम संविधान २०६३ मा रहेका राज्यको दायित्व, निर्देशिका सिद्धान्त र नीति एवं अन्तरिम सरकारको न्युनतम साझा कार्यक्रमलाई निर्देशक दस्तावेज एवं विश्वसम्मेलन र यसमा नेपालले जनाएको प्रतिबद्धता समेतलाई ध्यान दिई वर्तमान समय २०६८ मा पनि यो अभियान अधिराज्यभर संचालन भइरहेको छ ।

## कार्यक्रमको कार्यान्वयनमा संस्थागत प्रयास

राष्ट्रिय साक्षरता अभियान कार्यक्रमको कार्यान्वनयमा नेपाल सरकारले उच्चस्तरीय राष्ट्रिय साक्षरता अभियान समन्वय समितिको गठन प्रधानमन्त्रीको अध्यक्षतामा गरी केन्द्र देखि गाउँ विकास समितिको तहसम्म राजनीतिक र प्रशासकिय प्रतिबद्धता र समन्वयका लागि उच्चस्तरीय राष्ट्रिय साक्षरता अभियान समन्वयन समिति गठन गरेको छ । यसका लागि साक्षरता साक्षरता अभियान केन्द्रीय समन्वय समितिको गठन र कार्य, कार्यक्रम कार्यान्वयन समिति गठन तथा कार्य विभाजन, जिल्ला साक्षरता अभियान समन्वय समिति गठन तथा कार्य क्षेत्र निर्धारण, जिल्ला स्तरीय कार्यक्रम कार्यान्वयन उपसमिति गठन तथा कार्य क्षेत्र निर्धारण, गाउँ/ नगरस्तरीय साक्षरता अभियान समिति गठन तथा काम, कर्तव्य, अधिकारको उचित बाँडफँड र व्यवस्था समेत गरेको छ ।

राष्ट्रिय साक्षरता अभियान कार्यक्रमको कार्यान्वयनका लागि व्यवस्थापकीय प्रबन्ध गर्ने सन्दर्भमा कक्षा संचालन व्यवस्था, साक्षरता स्वयंसेवकको नियुक्ति र सेवा सर्त, तथ्याङ्क संकलन, पाठ्यपुस्तकको व्यवस्थापन, आर्थिक व्यवस्थापन, तालिम तथा अभिमुखीकरणको व्यवस्था, प्रचार प्रसार, अनुगमन प्रतिवेदन तयार पार्ने कार्य, स्थानीय निरीक्षकको सेवा सर्त र काम कर्तव्यको व्यवस्था, परीक्षा व्यवस्थापन तथा विविध पक्षहरुलाई निर्देशिकामै समेटि कार्यान्वयन गरिएको छ ।

## मोरङ्ग जिल्लाको साक्षरताको अवस्था

वि.सं. २०५८ को राष्ट्रिय जनगणना अनुसार नेपालको साक्षरता प्रतिशत ५३.७४ रहेको छ। पुरुष साक्षरता ६५.०८ प्रतिशत र महिला साक्षरता ४२.४७ प्रतिशत रहेको छ। नेपालको सबैभन्दा कम साक्षरता हुम्ला जिल्लामा २६.६ प्रतिशत रहेको छ भने बसैभन्दा बढी साक्षरता काठमाण्डौं जिल्लामा ७७.१ प्रतिशत रहेको देखन्छि।

मोरङ्ग जिल्लाकौं **Flash Report** २०६२ अनुसार जिल्लाको साक्षरता प्रतिशत ५६. ७ रहेको छ, जसमा महिलाको ४६.६ र पुरुषको ६६८ रहेको देखिन्छ। जनसंख्याको हिसाबले काठमाण्डौं पछिको पहिलो दोश्रो ठूलो जिल्ला मोरङ्गमा ४२२८९५ पुरुष र ४२०३२५ महिला गरी जम्मा ८४३२२० देखिए पनि केहि बर्ष देखि देशका विभिन्न भागबाट बसाइसराइँको चापले गर्दा जिल्लाको साक्षरताको दरमा उतारचढाव आइरहेको पाइन्छ।

मोरङ्ग जिल्लाको कूल जनसंख्या ८९८७४ रहेको छ। कूल जनसंख्या मध्ये १५ बर्ष माथिका निरक्षरताको संख्यात्मक विववरण १५८६१४ देखिएकोले कूल जनसंख्याबाट हेदा निरक्षरताको जिल्लाको प्रतिशत १७.६६ देखिएको छ। १५ बर्ष भन्दा माथिको साक्षरताको संख्यात्मक विवरण ४५००४९ रहेको छ। १५ बर्ष भन्दा माथिको जनसंख्यालाई मात्र आधार मान्दा निरक्षताको प्रतिशत ३५.२४ प्रतिशत रहेको छ। तथ्याङ्क अनुसार पुरुषको निरक्षरता ११.५२ र महिलाको २३.७० रहेको छ (साक्षरता अभियानको लागी जिल्ला स्तरीय समष्टिगत फारम ०६७, जि.शि.का मोरङ्ग)।

उल्लेखित विवरण अनुसार ५ बर्ष पूराभई १५ बर्ष उमेर समूहको बालबालिकाको विद्यालय नगएको २४६४४ संख्या लाई जोड्दा उक्त संख्या १८३२५८ हुने भएकोले जिल्लाको निरक्षताको कूल प्रतिशत ४०.७१ रहेको तथ्यसाक्षरता अभियानको लागी जिल्ला स्तरीय समष्टिगत फारम -२०६७, जि.शि.का. मोरङ्गबाट देखिन्छ। यस शोधपत्रमा साक्षरता अभियानका लक्षित समूह उमेर १५ बर्ष देखि ६० बर्ष उमेर समूहलाई विशेष आधार लिई अध्ययन गरिएको छ।

## १.२ समस्याको कथन

सन् २०१५ सम्ममा नेपालले साक्षरतलाई प्रतिशतलाई ९८ प्रतिशतमा पुऱ्याउने लक्ष्य राखेको छ । वि.सं. २००८ मा नेपालको साक्षरता २ प्रतिशत थियो भने २०६३ सम्म आईपुग्दा ६ बर्ष माथिका ६३ प्रतिशतमा र पन्ध्र बर्षमाथिका ५२ प्रतिशत मात्र रहनुले शन्तोष गर्नु पर्ने अवस्था छैन । लिङ्ग, जाति, भाषा, धर्म, भूगोलका आधारमा साक्षरताको प्रतिशतको दर समान छैन । आफ्नो मातृभाषा वा राष्ट्र भाषामा लेखिएका दैनिक जीवनसँग सम्बन्धित छोटो र साधारण वाक्यहरु वुझेर लेखपढ गर्न सक्ने र बुझेका कुरा एक आपसमा राम्ररी संचार गर्न सक्ने तथा साधारण हरहिसाव गर्न सक्ने क्षमता प्रत्येक व्यक्तिमा विकास गर्नको लागि सरकारी तथा गैर–सरकारी क्षेत्रबाट विभिन्न अनौपचारीक शिक्षाका कार्यक्रमहरु संचालन बाट लक्ष्यमा पुग्ने धेरै संभावनाहरु बढेका छन् । प्राथमिक तह (१–५) सम अध्ययन गर्ने ६–१० बर्ष उमेर समूहका झण्डै १०.९ प्रतिशत बालबालिका अझै विद्यालय बाहिर रहको शन्दर्भमा औपचारीक शिक्षाका कार्यक्रमले मात्र सवैलाई शिक्षित पार्न संभव नहुनु तथा निरक्षरता उन्मुलन गर्ने राष्ट्रिय नीति तथा कार्यक्रमको क्षेत्र भित्र पर्ने संपूर्ण निरक्षरहरुलाई साक्षर पार्न र देशको साक्षरताको प्रतिशत ९८ पुऱ्याउन राष्ट्रिय साक्षरता कार्यक्रमलाई अभियानको रुपमा अघि बढाउन आज हाम्रो देशको अनिवार्य आवश्यकता हो । राष्ट्रिय साक्षरताको सन्दर्भमा यस अभियानमा सहभागी निरक्षरहरुको सहभागिता , नियमितता र कार्यक्रम संचालन अवधिमा परेका समस्या, कार्यक्रमले सहभागीहरुमा ल्याएका सकरात्मक परिवर्तनहरुको खोजी गर्न यस शोधपत्रले प्रयत्न गर्ने हुँदा यस अध्ययनको समस्यको कथनको रुपमा राष्ट्रिय साक्षरता अभियानले निरक्षरता उन्मुलन कार्यक्रममा पारेका प्रभाव राखिएकोछ ।

## १.३ अध्ययनको औचित्य

नेपालमा विगत लामो समय देखि साक्षरता कार्यक्रमहरु संचालन हुँदै आएको पाईन्छ । वर्तमान सम्म आईपुग्दा यस विकासक्रमले तीव्र गति लिन सकेको देखिएता पनि अझै समस्याहरु विद्यमान छन् । लगानी अनुसारको प्रतिफल प्राप्त गर्न सकिएको छैन । राष्ट्रिय साक्षरता अभियानले निरक्षरता उन्मुलनको सन्दर्भमा सकारात्मक प्रभाव पारेको छ । यस अभियान क्षेत्रसंगै सम्बन्धित रहि गरिने अध्ययन अनुसन्धान एवं शोधपत्रहरुको मुख्य औचित्य सम्बन्धित क्षेत्रमा विद्यमान रहेको समस्याहरु, कमी कमजोरीहरु, सकारात्मक पक्षहरु तथा त्यहाँको वस्तुस्थितीबारे यथार्थ सूचनाहरु प्राप्त

गरी ती सूचनाको आधारमा निष्कर्ष निकाली सम्बन्धित क्षेत्रको सुधार, सुझाव र सल्लाह प्रदान गर्नुहुने छ। कार्यक्रम संचालनमा सहभागी सवै पक्षको भूमिकालाई प्रभावकारी बनाउन, प्रभावकारी ढंगले साक्षरता कार्यक्रम संचालन गर्न , स्रोत साधानको क्षती हुन नदिन र साक्षरता अभियान कार्यक्रमको योजना निर्माण, कार्यान्वयन, अनुगमन गर्ने निकायका पदाधिकारी तथा यस क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने पक्षलाई समेत उपयोगी हुने हुँदा यो अध्ययनको औचित्य सावित हुने विश्वास गरिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु देहायबमोजिम रहेका छन् :

क) साक्षरता अभियान  कार्यक्रमको बर्तमान स्थिति पत्ता लगाउनु ।

ख) उक्त कार्यक्रमको प्रभावकारीताको लेखाजोखा गर्नु ।

ग) साक्षरता अभियान कार्यक्रम संचालनका समस्या पहिचान गर्नु ।

घ) साक्षरता अभियान कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरु सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्न

यस अध्ययनका अनुसन्धानात्मक प्रश्नहरु निम्नअनुसार रहेका छन् :

क) साक्षरता कक्षाहरुमा निरक्षरहरुको सहभागिताको स्थिति कस्तो छ ?

ख) साक्षरता कक्षाहरुमा अनियमित हुनु तथा विचैमा कक्षा छाड्नुका कारणहरु के के हुन ?

ग) साक्षरताका कक्षामा सहभागी भएका र नभएका व्यक्तिहरुको व्यवहारमा के कस्ता भिन्नता पाईन्छ?

घ) साक्षरता अभियान कार्यक्रम अन्तर्गत संचालित कक्षा निरीक्षण अनुगमन कति प्रभावकारी छ ?

ङ) कक्षा संचालनको शिक्षण पद्धति प्रभावकारी थियो ?

च) कार्यक्रमको प्रभावकारीता सम्वन्धित सरोकारवालाहरुलाई दिइने सुझावहरु के के हुन सक्छन् ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनलाई देहाय बमोजिम सिमित गरिएको छ ।

क) यस अध्ययनलाई नेपालको कोशी अञ्चल मोरङ्ग जिल्ला भित्र संचालित साक्षरता अभियान कार्यक्रम भित्र सिमित  गरिएको छ ।

ख) यो अध्ययन मोरङ्ग जिल्ला भित्रका १६ वटा श्रोतकेन्द्र मध्ये कटहरी श्रोतकेन्द्र र सो अन्तर्गतका ७ वटा गा.वि.स. मध्ये २ वटा गा.वि.स. मा सिमित गरिएकोछ ।

ग) यस अध्ययन छनौटमा परेका थलाहा र भौडाहा गा.वि.स. भित्रका ४/४ वटा गरी जम्मा ८ वटा साक्षरता कक्षाहरुमा सिमित गरिएको छ ।

घ) यस अध्ययनको छनौटमा परेका ८ वटा साक्षरता केन्द्रका २ जना स्थानीय निरीक्षक, ८ जना स्वयंसेवक र ८० जना सहभागीहरुमा सिमित गरिएको छ ।

## १.७ प्राविधिक शब्दावलीको परिभाषा :

**साक्षरता कार्यक्रम** : सामान्यतया १५-४५ बर्षका निरक्षर प्रौढहरुलाई उनीहरुको आधारभूत समस्याहरु पढ्न, बुझ्न, लेख्न र व्यवहारीक हरहिसाब गर्न सक्षम तुल्याई जीवनस्तर उठाउन मद्दत पुऱ्याउने कार्यक्रमलाई बुझाउँछ ।

**राष्ट्रिय साक्षरता अभियान** : राष्ट्रले संकल्प र निर्दिष्ट गरको लक्ष्य र कार्यक्रम बमोजिमको उद्देश्य पूरा गर्न राज्यका विभिन्न संयन्त्र तथा स्रोत र साधन प्रयोग गरी विशेष क्रियाकलापको साथ निश्चित अवधि भर निरक्षरताको उन्मूलनको लागी संचालन गरिने वा संचालित कार्यक्रमलाई बुझाउँछ ।

**लक्षित समूह** : लक्षित समूह भन्नाले राष्ट्रिय साक्षरता कार्यक्रम अभियान कार्यक्रमका १५-६० बर्ष उमेर समूहका निरक्षर यूवा, प्रौढ महिला तथा पुरुषहरुलाई बुझाउँछ ।

**सहभागी** : सहभागी भन्नाले साक्षरता अभियानमा भाग लिएका १५-६० बर्ष उमेर समूहका निरक्षर महिला तथा पुरुषहरुलाई बुझाउछ ।

**स्वयंसेवक** : स्वयंसेवक भन्नाले साक्षरता अभियान कार्यक्रममा कक्षा/केन्द्र संचालन गर्ने तथा निरक्षरहरुलाई साक्षर बनाउन तालिम लिई खटेका आधिकारीक कार्यकर्तालाई बुझाउँछ ।

**स्थानीय निरीक्षक** : स्थानीय निरीक्षक भन्नाले साक्षरता कक्षाकेन्द्रहरुमा आवश्यक पर्ने श्रोत र साधन उपलब्ध गराउने, निर्धारीत ढाँचामा फरम भर्ने, कृयाकलाप संचालनमा सहयोग गर्ने तथा निरीक्षण अनुगमन समेत गर्ने अख्तियारी पाएको तालिम प्राप्त व्यक्तिलाई बुझाउँछ ।

**साक्षरता केन्द्र/कक्षा** : साक्षरता केन्द्र भन्नाले राष्ट्रिय साक्षरता अभियान अन्तर्गत सम्बन्धीत साक्षरता समितिले तोकेको सहभागी र स्वयंसेवकको बीच सिकाई क्रियाकलाप संचालन गर्ने स्थानलाई बुझाउछ ।

**निरक्षतरता उन्मूलन** : निरक्षरता उन्मूलन भन्नाले साक्षरताको विरुद्धमा उभिएको निरक्षरता लाई जरैसमेत उखालेर फाल्ने व्यवहारिक परिवर्तन लाई बुझाउँछ ।

# परिच्छेद दुई : सम्वन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका

अनुसन्धान कार्य स्वयंमा रचानात्मक कार्य भएकोले यसलाई सवाधानीपूर्वक तवरले सम्पन्न गर्न सान्दर्भिक साहित्य तथा पूर्व अध्ययनहरुको पुनरावलोकनले धेरै हदसम्म मद्दत पुऱ्याउँदछन् । अनुसन्धानलाई दोहोरिन र वरालीनबाट जोगाउनको लागि अध्ययनको सैद्धान्तिक खाकाले मार्ग निर्देशन गरेको हुन्छ । शैद्धान्तिक आधारको खाकाबाट नयाँ मुद्धा उठाई थप सिर्जनसिल तथ्यको पुर्नउत्पादन हुने र तथ्याङ्क विश्लेषण र व्याख्यामा सहजता र सरलता हुने भएकोले यस अध्ययनको शीर्षकको लागि निम्न अनुसारको अध्ययनको शैद्धान्तिक खाकाको पुनरावलोकन गरिएकोछ ।

## २.१ सम्वन्धित साहित्यको पुनरावलाकोन

यस सोध कार्यसंग सम्बन्धित निम्न लिखित साहित्यहरुको सिंहावलोकन गरी शोध लेखन कार्यलाई पूर्णता दिइएकोछ ।

शर्मा (२०६३) साक्षरता र आधारभूत शिक्षावीचको समन्वय शीर्षकमा साक्षरतालाई अनौपचारीक शिक्षाको एक भागको रुपमा र आधारभूत शिक्षालाई औपचारीक शिक्षाको रुपमा उल्लेख गरेको छ । साक्षरता शिक्षा $3R_S$ र $7R_S$ बाट विकसित हुँदै आएको शिक्षा हो भने आधारभूत शिक्षाको आधारपनि $3R_S$ र $7R_S$ नै हो । साक्षरता शिक्षा र आधारभूत शिक्षा दुवैका विचमा एकरुपता कायम गर्नुपर्दछ । दुवैबाट यस घोषणालाई पूर्ण बनाउनु पर्दछ । साक्षरता शिक्षा र आधारभूत शिक्षा दुवैमा सरकारी दायित्व समान रुपको हुनुपर्दछ । आधारभूत शिक्षा र साक्षरता शिक्षा दुवैमा सरकारले उत्तरदायित्वपूर्ण लगानी लगाउनु पर्दछ । औपचारीक शिक्षाभित्रको आधारभूत शिक्षाले पाएसरहको प्राथमिकता साक्षरता शिक्षाले पनि समकक्षी हुने गरी दुवैशिक्षाका पाठ्यक्रमहरुमा समन्वय कायम गराउन सक्नुपर्दछ । साक्षरताशिक्षालाई निरन्तर शिक्षाको रुपमा विकसित गर्न सक्नुपर्दछ । साक्षरता शिक्षालाई निरन्तर शिक्षाको रुपमा विकास गर्न सक्नुपर्दछ । साक्षरता शिक्षा र आधारभूत शिक्षा दुवैले व्यक्तिको विकास, समाजको विकास र राष्ट्रको विकास गर्ने हुनाले दुवै शिक्षाका बीचमा अर्न्तसम्बन्ध कायम हुनै पर्दछ, ऐजन (२०६३)

लम्साल (२०६४), शैक्षिक परिवर्तन : अवधारणा आवश्यकता र चुनौती भन्ने शीर्षकमा शैक्षिक विकासका लागि परिवर्तन आवश्यकता मात्र हैन अपरिहार्य पनि छ भनिएको छ। नयाँ नयाँ ज्ञान सीपको विकासका कारण समुदाय दिनप्रतिदिन जटिल बन्दै गईरहेको छ। सिक्नुपर्ने पक्षहरुको दायरा बढ्दै गएको छ। हिजोको दिनमा भनेझै **3R** मात्र आज प्रयाप्त नभई **7R** को आवश्यकता बढेको छ। शैक्षिक प्रणाली सामाजिक प्रणालीको एक उप– प्रणालीको रुपमा रहेको हुनाले यसमा गरिने परिवर्तनलाई पनि प्रणालीगत अवधारणा बाट हेर्नुपर्ने हुन्छ। योजनावद्ध परिवर्तनले शैक्षिककार्यक्रमलाई परिवर्तनप्रति समायोजीत हुन सहयोग गरेको हुन्छ भने सहभागीहरुको आचरण तथा कार्यसंस्कृतिमा समेत परिवर्तन ल्याउन महत्वपूर्ण भुमिका निर्वाह गर्दछ। परिवर्तनलाई सफल बनाउन संवाहकहरु तयार गर्नु अति अवाश्यकता देखिन्छ। नेपालको शिक्षा प्रणालीसँग शैक्षिक, राजनैतिक , र सास्कृतिक संस्थाहरुको प्रभाव रहेको पाईनछ। शिक्षा समग्र सामाजीक प्रणालीको एक अंगको रुपमा रहेको हुनाले समाजमा रहेको विचार , मूल्य, मान्यता, सामाजिक ढाँचा र संगठनहरुको प्रभाव शिक्षामा प्रत्यक्ष रुपमा पर्ने गर्दछ। अवरोधहरुको पहिचान ठीक समयमा हुनुका साथै सोको निराकरणका उपायहरुको पहिचान ठीक समयमा हुनुको साथै सोका निराकरणका उपायहरु पहिचान र कार्यन्वयन गरिनु पर्दछ। परिवर्तनका विज्ञहरुले अवरोध कम गर्न दिएका सुझावलाई कार्यन्वयन गर्नुपर्दछ। शिक्षा र संचार , सरोकारवालाहरुको सहभागीता प्रतिवद्धता समूहको निर्माण , सम्झौता सीपको विकास स्रोत साधानको व्यवस्था तथा आवश्यकताअनुसार दबाव आदी पनि आवश्यक पर्ने देखिन्छ। परिवर्तनमा आउने वा आउन सक्ने अवरोधको मात्र र प्रकृतिले शैक्षिक परिवर्तनका उपायहरुको निर्धारण पनि गर्ने गर्दछ, ऐजन (२०६४)।

अधिकारी (२०६४), ले अन्तरिम योजनामा शिक्षा भन्ने शीर्षकमा राणाशासक जुद्धशमसेरको पालामा २० बर्षे योजना घोषणा गरिएको थियो भन्ने कुरा उल्लेख छ। वि.सं. २००५/०६ मा राष्ट्रिय योजना समिति गठन गरेर १५ बर्षे कार्यक्रम तय गरियो। २००७ सालमा योजना र विकास मन्त्रलय गठन गरियो। विकास योजना औपचारीक रुपमा वि.सं. २०१३ सालमा प्रारम्भ भई हाल सम्म एघारौ योजनाका रुपमा अन्तरिम योजना स्वीकृत भई कार्यान्वयनमा आएको छ। नेपालमा २०१३ साल देखि १० वटा आवधिक योजनाहरु कार्यान्वयन भईसके पनि यो योजनाहरुले अपेक्षित रुपमा देशको विकास गर्न सफल भएनन्। देशको लागि मुलत : केही सहरी क्षेत्र र सुगम स्थानमा विकासका पूर्वधार तयार

गर्ने र केही हदसम्म मानवीय विकासका प्रयास भए पनि यो योजनाले देशको ८० प्रतिशत भन्दा बढी भुभाग त्याहाँका जनतालाई राज्यको तर्फबाट प्रदान गरिनुपर्ने पूरा भएन जनआन्दोलन मार्फत नेपाली जनताले व्यक्त गरेका भवनाअनुरुप प्रतिनिधी सभाको घोषणा, राजनितिक तहमा भएका सहमती अन्तरिम संविधान २०६३ मा रहेका  राज्यको दायित्व निर्देशक सिद्धान्त र नीति एवं अन्तरिम सरकारको न्यूनतम साझा कार्यक्रमलाई निर्देशक दस्तावेज को रुपमा दिइएको यस योजनाले मुलत भौतिक पूर्वाधारको पुन : निर्माण स्थापना सामाजिक पुन एकीकरण, आर्थिक पुन : उत्थान , समाजसेवी विकास आर्थिक र सामाजिक रुपन्तरण , गरिबी निवरण रणनितीका सफल कार्यक्रमको निरन्तरता सहस्राब्दी विकास लक्ष्यप्रतिको प्रतिवद्धता **WTO** को सदस्यपछिको अवसर र छिमेकी को व्यापारीक अवस्था एवं औद्योगीक विकासबाट उपलब्ध अवसको उपयोग गर्ने कुरामा आफ्नो ध्यान केन्द्रित गरेको छ ।

दशौ योजनाले अपेक्षा गरेका लक्ष्यहरु मध्ये अधिकांश लक्ष्यहरु प्राप्त हुन सकेको छैनन्  । नवौ योजना देखि नै साक्षरता दर ७० प्रतिशत पुऱ्याउने लक्ष्य राखिएकोमा नवौं योजना अवधिर पनि उक्त लक्ष्य प्राप्त नभई दशौं योजनाले समेत ७० प्रतिशत नै साक्षरता दर पुऱ्याउने लक्ष्य राखेको थियो । दशौं योजना अवधिमा ६३ प्रतिशत सम्म पुगेको देखिएको छ । अन्तरिम योजनाले ६३ प्रतिशतलाई ७६ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको देखिन्छ ।  शिक्षामा सवै नागारिककमो पहुँच सुनिश्चित गरी साक्षर बनाउनु र गुणस्तर युक्त तथा रोजगारमूलक शिक्षा प्रदान गर्नु अन्तरिम शिक्षा योजनाको मुख्य उदेश्य रहेको छ । योजनको दुरदृष्टि उदेश्य , रणनिति तथा नीतिहरु कार्यन्वयनमा ल्याउन योजनाले साक्षरता साक्षरोत्तर शिक्षा तथा आयमुलक कार्यक्रम , अभियानको रुपमा साक्षरता कार्यक्रम , आधारभूत तहको साक्षरता प्रदन गर्ने अतिसीमान्तकृत र लोपोन्मुख जनजातीहरुका लागि आयमुलक आधारभूत  साक्षरता कार्यक्रम संचानल गर्ने, विचैमा विद्यालय छाडेकालाई शैक्षिक कार्यक्रम संचालन गर्ने , सामुदायिक केन्द्र मार्फत साक्षरता कार्यक्रम सुचना तथा संचार प्रविधिको प्रयोग गर्ने जस्ता कार्यक्रमहरु संचालन गरेको छ । समतामूलक पहूँचको सुनिश्चितता गर्न खुला शिक्षा तथा दूर सिकाई बैकल्पिक विद्यालय लगायत सवै प्रकारका विद्यालय खोल्ने , गाम्ने र स्तरवृद्धि गर्ने खुला सिकाईको स्तर निर्धारण र प्रमाणीकरण गर्ने मुख्य कार्यक्रम रहेको छ, ऐजन (२०६४) ।

वाग्ले (२०६६), ले प्रौढ शिक्षाको सन्दर्भमा  साक्षरता अभियान कार्यक्रमको प्रभावकारीता भन्ने शोधपत्रमा प्रौढ शिक्षाको अवधारणा सवै ठाउँ समाज , राष्ट्र, व्यक्ति र समुहका लागि एउटै नहुन सक्छ । यसको अवधारणा र सान्दार्भिकता फरक हुन सक्छ भन्ने कुरा उल्लेख छ ।  त्यस्तै प्रौढको परिभाषा

देश र राजनैतिक सन्दर्भले निर्धारण गरेको पाईन्छ । नेपालमा ४० बर्ष भन्दा माथि उमेर समूहका नर नारीहरुलाई राजनीतिक अर्थमा प्रौढ मानिएको छ । तर अनौपचारीक शिक्षाका शिक्षविदहरुले १५ बर्ष र सो भन्दा माथिका व्यक्तिलाई मनोवैज्ञानिक प्रौढ ठानेका छन् । आफ्नो सन्दर्भसँग अनुभव बटुल्ने र सोही अनुभवबाट सिक्ने व्यक्ति नै प्रौढ हुन । विश्वका १६ वटा देशहरुमा गरिएको अध्ययन अनुसन्धानको आधारमा निस्केको निश्कर्ष अनुसार साक्षरतापछि प्रौढहरु समुदाय र परिवारभित्र  रहँदा आत्मवल र स्वायत्तता  बृद्धिभएको, छोराछोरीलाई विद्यालय पढाउने र तिनीहरुको उचित हेरचाह गर्ने भएका परिवारको स्वास्थ्य र पोषणमा ख्याल गर्ने भएका, सानोपरिवार सुखी परिवारको ढाँचा अंगाल्ने भएका, आयआर्जका बाटा पहिल्याउने र उत्पादकत्व बढाउन सक्ने भएका , सामाजिक सम्बन्धमा सुधार देखिएको जस्ता सकारात्मक परिवर्तनहरु ल्याएको उल्लेख छ ।

नेपालको परीप्रेक्षमा हेर्ने हो भने अझै पनि प्राथमिक उमेर समुहका करिब ११ प्रतिशत बालबालिकाहरु विद्यालय परिसर बाहिर रहेकाछन् । त्यस मध्ये करिब १७ प्रतिशत  बालिकाहरु छन बने बाँकी अल्पसंख्यक, पिछडीएका , सेवा विमुख आदीबासी , जनजाती तथा सीमान्त गरिबिको रेखामुनी रहेका विपन्न वर्गछन् । ६ बर्ष माथिका ४६ प्रतिशत जनसंख्या निरक्षर छन् त्यसमध्ये ५७ प्रतिशत महिलाहरु छन् । सन २००१ को जनगणनाअनुसार  ६ बर्ष माथिका ४६ प्रतिशत जनसंख्या निरक्षर छन् । त्यसमध्ये ५७ प्रतिशत महिलाहरु छन् । सन् २००१ को जनगणनाअनुसार  ६ बर्ष माथिका  ७० लाख ६५ हजार नेपालीहरु निरक्षर देखिएका छन् । त्यस्तै १५ बर्ष माथिका ४८ प्रतिशत जनसंख्या मात्र साक्षर छन् । यस्तो अवस्थामा यो प्रश्न उठ्छकी नेपाल जस्तो देशहरु सन् २०१५  सम्ममा सवैका लागि शिक्षाको लक्ष्य प्राप्त गर्न सक्छन् ? खासगरी विकासशील अल्पविकासित राष्ट्रका प्रौढहरु समतामुलक र न्ययपुर्ण ढङ्गले साक्षरता शिक्षा हासिल गर्न सक्छन् ? देशका युवा र प्रौढहरु देश निर्माणको एउटा दक्ष सहभागी  बन्न सक्लान ? यहि चुनौती र प्रश्नहरु हाम्रा राष्ट्रसामु हाँकको रुपमा रहेका छन  ऐजन (२०६६) ।

तिम्सिना (२०६७), ले आफ्नो शोधपत्रमा साक्षरता शिक्षा कार्यक्रमको अवस्था, साक्षरता शिक्षा कार्यक्रमको सिकाई उपलब्धिको स्थिति, प्रौढ साक्षरता शिक्षा कार्यक्रमको विश्लेषण र साक्षरता कार्यक्रमको समस्या पहिचान गर्न र समस्या समाधानका उपयाहरु सुझाउने उद्देश्यहरुलाई समेटि आर्थिक, सामाजिक, व्यवहारिक र व्यवसायिक सीपमूलक शिक्षा  नभएको कारणले गर्दा केही सहभागीहरुको नकारात्मक धारणा रहेको पाइएको कुरा उल्लेख गरेको छ । शोधपत्रमा साक्षरता कक्षा

संचालन केन्द्रमा भवन, कोठा, फर्निचर, शैक्षिक सामग्री, समयको सदुपयोग, बसाईको लागि सुकुल गुन्द्री तथा अन्य आधारभूत सामग्री नभएको र सिकाई सैद्धान्तिक भएको एवं व्यवहारिक नभएको भनी उल्लेख गरिएको छ । शोधपत्रले साक्षरता कार्यक्रममा महिलाको सहभागिता ८३ प्रतिशत रहेको, साक्षरताका कक्षाहरुमा ५८ प्रतिशत महिलाहरु अनुपस्थिति र अनियमित रहेको, ४३ प्रतिशत जनसंख्या निरक्षर रहेको हुँदा चेतनामूलक कार्यक्रम, सीपमूलक कार्यक्रम संचालन, स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गरि स्थानीय निकायहरु मार्फत अनौपचारिक शिक्षाका कार्यक्रम संचालन हुनु पर्ने कुरा उल्लेख गरेको छ (तिम्सिना २०६८) ।

प्रौढ साक्षरता शिक्षामा अध्ययन गर्ने सहभागीहरुको आर्थिक अवस्था ज्यादै कमजोर भएका कारणले गर्दा उनीहरुले दैनिक रुपमा जीवन गुजारा गर्नका लागि ज्यालादारी कार्य गर्नुपर्ने भएकोले तोकेको अवधिभरी निरन्तर शिक्षा आर्जन गर्न सकेको देखिएन जसलाई समाधान गर्नका लागी राज्यले लक्षित वर्ग, न्यून आर्थिक अवस्था भएका व्यक्तिहरुको तथ्याङ्क संकलन गरि उनीहरुलाई अध्ययन गर्नका लागि सहज वातावरण सृजना गराउनका लागि भत्ताको व्यवस्था, व्यवसायिक सीपमूलक शिक्षा, योग्यता क्षमता अनुसारको रोजगारीको व्यवस्था हुनु पर्ने कुरामा जोड दिएको कुरा शोधपत्रमा उल्लेख गरिएको छ । शोधकर्ताले आफ्नो शोधपत्र मार्फत सकारात्मक सोच, दीर्घकालिन राष्ट्रिय नीति, विशेष लक्षित समूहको सहभागीता, आय आर्जन र निरन्तर शिक्षासँग सम्बन्धित आय आर्जनका कार्यक्रमहरु संचालन गरेर कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्ने सुझावहरु प्रस्तुत गर्नु भएको छ । जसलाई यस शोधपत्रमा उल्लेख गरिएको मैकल्याण्डको उपलिब्ध सिद्धान्तको उपलब्धिको आवश्यकता र सम्बन्धको स्थापनाको आवश्यकतासँग सम्बन्धित गरेर थप व्याख्या र विश्लेषण समेत गरिएको छ ।

आचार्य (२०६७), ले राष्ट्रिय साक्षरता अभियानको प्रभावकारीतासँग गाँस्न नसकिएका केही सवालहरु भन्ने शीर्षकमा मुलुकमा रहेका ७८ लाख निरक्षरहरुलाई साक्षर बनाउने अभिप्रायले राष्ट्रिय साक्षरता अभियान २०६५ सँगै आएको वृहत कार्यक्रमले २८ लाख निरक्षर साक्षर भईसकेका र यस सन्दर्भमा २ अरब ८ करोड रकम खर्च भएको कुरा उल्लेख गरेकाछन् । राष्ट्रिय साक्षरता अभियानको आधार भन्नुनै राजनैतिक इच्छाशक्तिको ज्वार हो । तर त्यसमा देशमा देखिएको अस्थिरता अन्योलपूर्ण अवस्था र असहयोगको लामो अन्तरालले राजनीतिक प्रतिवद्धतालाई केवल कागजी प्रतिवद्धतामा सिमित राख्यो । यस सन्दर्भमा साक्षरता अभियानको अझ प्रभावकारीताका लागि गाँसीएका केही महत्वपूर्ण सवालहरुलाई लेखकले आलेखमा उल्लेख गरेका छन् । तयारी नभएको अवस्थामा आ.व. २०६५/०६६

को बजेट बक्तव्य सँगै राष्ट्रिय साक्षरता अभियान सुटुक्क आएकोले राजनैतिक दलहरु नियुक्ति तथा आफु अनुकुल कोटा वितरणमा मात्र सिमित रहे । निर्देशिका बमोजिम गठित सवै समितिले प्रभावकारी रुपमा अनुगमन गर्न सकेनन्  र परिचालीत स्थानीय स्रोत र साधानको समुचित उपयोग हुन सकेन । मुख्य शब्दविधिमा आधारीत पाठ्यवस्तुलाई ३ महिनामा घटाई साक्षरता कक्षा चलाउने योजना लाई कुन आधारमा सही ठहऱ्याउने?

स्थानीय निकायमा जनप्रतिनिधि नहुनाले साक्षरता अभियानले प्रभावकारीता ग्रहण गर्न सकेन । शैक्षिक क्षेत्रका सरोकारवालालाई परिचालन गरिएन ।  स्थानिय भाषाभाषीका शिक्षक , स्वयंसेवक तथा प्रर्याप्त सामाग्री तयार भएन । सक्षर भएका अधारमा स्वास्थ्य सेवा, ऋण सुविधा , बचत सुविधा , प्रोत्साहन भत्ता, बृद्धभत्ता खानेतेल, पोशाक वा खाजामध्ये कुनैएक दिएर साक्षरता कक्षा तर्फ आकर्षण गर्ने वातावरण तय हुनसकेन । निरक्षरता र गरिवी गरिबी र निरक्षताबीच आवद्ध गरी साक्षरता कार्यक्रमलाई प्रभावकारी बनाउन सकिएन । साक्षरता अभियानलाई जनताका घरदैलोसम्म पुऱ्याउन आम सञ्चार माध्यमको व्यापक प्रयोग हुनुपर्नेमा त्यो पनि हुन सकेन । साक्षरताको लागि उत्प्रेरणा जगाउने खालका गीत , दोहोरी, लघुनाटक, आदिको लगातार प्रशारण र प्रयास हुन सकेन, ऐजन ( २०६७) ।

साक्षरता अभियानले सफलता प्राप्त गर्नका लागि मुलुकले अन्य क्षेत्रमा समन्वय सहकार्य र साझेदारी राजनैतिक र सामाजिक प्रतिवद्धताको सफलताको अपरिहार्यता देखिन्छ भने साधन श्रोत जनशक्ति मिहिनेत–परिश्रमको अथक व्यवस्थापन अति  आवश्यक हुन्छ । माथि उठाईएका सवल तथा अन्य तथ्यलाई मध्य नजर राखी कार्यक्रम संचालन गर्ने हो भने यसले आमूल परिवर्तन ल्याउन सक्छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

राष्ट्रिय साक्षरता अभियान कार्यक्रम अनौपचारीक शिक्षा क्षेत्र सँग सम्बन्धित कार्यक्रम हो । यस अभियानका लक्षित समुह निरक्षर प्रौढहरु हुन । व्यक्तिका आवश्यकताहरु फरक र श्रृङखलावद्ध हुन्छन् । जसलाई पूर्ति गर्ने चाहना व्यक्तिले राखेको  हुन्छ । मास्लोको अभिप्रेरणा सम्बन्धि सिद्धान्त, एफ डब्लु

टायलरको उत्पादनमा आधारित बैज्ञानिक व्यवस्थापनको सिद्धान्त, हेनरी फेयोलको प्रशासनिक व्यवस्थापन सिद्धान्त तथा  मैकल्याण्डको उपलब्धिको सिद्धान्तबाट अनौपचारीक शिक्षा अन्तर्गतको राष्ट्रिय साक्षरताको व्यवस्थापनको लागि सैद्धान्तिक चिन्तनहरु लिइएको छ ।

हवर्ड विश्वविद्यालय सामाजिक सम्बन्ध विभागका अध्यक्ष एवं प्रख्यात मनोवैज्ञानिक डेभीडसी मैकल्याण्ड  र उनका सहयोगीहरुले शारीरिक आवश्यकता लगायत अन्य आधारभूत आवश्यकताको अध्ययन गरी सन १९६१ मा उपलब्धिको सिद्धान्तको प्रतिपादन गरे । उपलब्धिको सिद्धान्तका आधारभूत मान्यताहरुले साक्षरता अभियानको प्रभावकारी व्यवस्थापनका पक्षमा तथा तथ्याङ्क एवं सुझावहरु निर्माण गरी थप व्याख्या र विश्लेषण गर्न आधार प्रदान गरेकोछ । व्यक्ति तथा सहभागीका स्वभाव तथा उपलब्धिहरुलाई विश्लेषण गर्न सहयोग पुऱ्याएको छ । उनकाअनुसार ३ आधारभूत आवश्यकताहरु निम्न छन् (कोइराला  र साथीहरु २०६४, शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहारबाट उद्धृत) ।

उपलब्धीको आवश्यकता अन्तर्गत पेशागत उन्नति, विश्वसनीयता र विशिष्टता हासिल गर्न चाहने व्यक्तिमा उपलब्धीको आवश्यकता बढी हुन्छ । व्यक्तिगत उत्तरदायित्वको अभ्यास गर्ने दक्षताअनुसार कार्य गर्न रुचाउने कार्यमा पृष्ठपोषण चाहने सामाजिक सु–सम्बन्धको चाहना राख्ने व्यक्तिहरु यस्ता कार्य गर्न रुचाउछन् । शक्तिको आवश्यकता अरुलाई प्रभाव पार्ने आदेश दिने, नियन्त्रण गर्ने, निरीक्षण गर्ने, मूल्याङ्कन गर्ने, नचाउने, अधिनमा राख्ने , हप्काउने चाहना राख्ने व्यक्तिलाई शक्तिको आवश्यकता हुन्छ । प्रलोभन  दिने फसाउने , दवाउने, विश्वास दिलाउने  जस्ता कार्य गरी अरुलाई आफ्नो काबुमा राख्न शक्तिको आवश्यकता पर्छ । सम्बन्ध स्थापनाको आवश्यकता अरु व्यक्तिबाट माया, ममता, स्नेह, पाउन अरुसँग मैत्रिपूर्ण पारस्परिक सहयोग र सम्बन्ध कायम राख्ने गर्छन । सहकर्मीको सहयोग सम्बन्ध बारेमा रातोदिन चिन्तित हुने गर्छन । डेभिड सि मैकल्याण्डका अनुसार व्यक्तिलाई उपलब्धिको बोध गराएर प्रशिक्षण प्रदान गरेर पृष्ठपोषण प्रदान गरेर , कार्यको नमूना देखाएर , सृजनात्मक कार्य गर्ने अवसर प्रदान गरेर सकारात्मक चिन्तन मनन र मनन गर्ने प्रकृतिको विकास गराएर अभिप्रेरीत गर्न सकिन्छ । उपलब्धिको आवश्यकता बढी भएमा व्यक्ति, कार्य र चिन्तन दुवैमा कटिबद्ध भएर लाग्दछ । अध्ययनको क्रममा मैकल्याण्डको यस सिद्धान्तले सैदान्तिक आधार प्रदान गर्ने छ । कार्यक्रम तथा अभियानमा संलग्न निरीक्षक स्वयं सेवक, सहभागी तथा अन्य

सम्बद्ध व्यक्तिहरुको अभिप्रेरणा तथा आवश्यकतालाई अझ सैद्धान्तिक खाकाबाट व्याख्या र विश्लेषण गर्न थप सहयोग प्राप्त भएको छ (कोइराला र साथीहरु २०६४)।

## २.३ पुनरावलोकनको उपादेयता

यो अध्ययनको सैद्धान्तिक खाका तथा सम्वन्धित साहित्यको पुनरावलोकानबाट कार्यक्रमको विश्लेषण गरी प्रप्ति, निश्कर्ष र सुझाब समेत प्रश्तुत गर्न थप सहयोग प्राप्त भएको छ। लक्षित समुहका लागि प्रभावकारी ढंगबाट क्रियाकलाप संचालन गर्न, सैद्धान्तिक ढाँचा अबलम्बन गर्न, अध्ययनलाई व्यवस्थित गर्न सहयोग पुऱ्याएको छ। यस अध्ययनलाई वर्तमान ज्ञानको भण्डार सँग जोड्न, विश्लेषण गर्न र सुझाब समेत प्रस्तुत गर्ने कार्यमा उल्लेखित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाकाले मद्दत गरेको छ। सरोकारवालाहरुको सहभागितामा बृद्धि गर्न र नया रचनात्मक कार्य योजना निर्माण गरी थप मार्ग निर्देशन गर्ने कार्यमा उल्लेखित अध्ययनले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

# परीच्छेद तीनः अध्ययन विधि

राष्ट्रिय साक्षरता अभियान कार्यक्रमको प्रभावकारीता संग सम्वन्धित गरिएको यस अध्ययनका उद्देश्यहरु प्राप्तिका लागि वर्णनात्मक र विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको छ। अध्ययनकर्ता स्वयं अध्ययन क्षेत्रमा गई विभिन्न साधनहरुको प्रयोग गरी तथ्याङ्क संकलन गरेर प्राप्त सूचना तथा तथ्याङ्कहरुलाई व्याख्या एवं विश्लेषण गरिएकोछ। यस अध्ययनको ढाँचा वर्णनात्मक अनुसन्धान पद्धतिमा आधारित छ। आवश्यक रुपमा तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी आवश्यक गुणात्मक तथा परिमाणात्मक विधिबाट विश्लेषण गरिएको छ। तथ्याङ्क संकलन कार्यको लागि नमूना छनौट विधिको प्रयोग गरिएको छ भने तथ्याङ्क संकलनका मुख्य साधनहरुमा प्रश्नावली, अर्न्तवार्ता, अर्न्तवाता अनुसुची र विभिन्न फारमहरुको प्रयोग गरिएको छ। अनुसन्धान ढाँचालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएकोछ।

**तालिका ३.१: उद्देश्यगत साधन र उत्तरदाता**

| क.स. | उद्देश्य | साधन | उत्तरदाता/श्रोत |
|---|---|---|---|
| १ | कार्यक्रमका सहभागीहरुको सहभागिताको स्थिति पत्ता लगाउनु | प्रश्नावली सर्वेक्षण फारम | सहभागी |
| २ | कार्यक्रममा पहुँच पुग्न नसक्नुका कारणहरु पत्ता लगाउनु | प्रश्नावली अर्न्तवार्ता, अर्न्तवार्ता अनुसुची | सहभागी, स्वयंसेवक, स्थानीय निरीक्षक |
| ३ | सहभागीहरुका व्यवहारमा आएका व्यवहारिक परिवर्तनहरु पहिल्याउनु | प्रश्नावली अर्न्तवार्ता, अर्न्तवार्ता अनुसुची | सहभागी, स्वयंसेवक |
| ४ | समस्या र समाधानका उपायहरु सुझाउनु | प्रश्नावली अर्न्तवार्ता, अर्न्तवार्ता अनुसुची | सहभागी, स्वयंसेवक, स्थानीय निरीक्षक, जि.शि.का कर्मचारी |

## ३.१ अनुसन्धान ढाँचा

यो अध्ययन गुणात्मक रहेकोछ । वस्तु स्थितिलाई बृहत रुपमा अध्ययन विश्लेषण गरिने सम्बन्धित व्यक्ति , अवस्था तथा घटना सँग प्रत्यक्ष सम्पर्क स्थापित हुने र त्यसबाट प्राप्त सुचनाले यथार्थ नतिजा ल्याउन मद्दत पुग्ने विश्वस्त गुणात्मक विधिलाई बढी जोड दिई अध्ययन गरिएको हो । अध्ययन गरिने जनसंख्या , अध्ययनको लागि नमूना छनौट प्रकृया र नमूनाको आकार , नमूना छनौटको आधार अनुसन्धान साधान, तथ्याङ्कको स्रोत, तथ्याङ्क संकलन प्रक्रिया तथा तथ्याङ्क विश्लेषण प्रक्रिया को माध्यमबाट अध्ययन पुरा गरिएको छ ।

## ३.२ जनसंख्या

यस अध्ययनको लागि छनौटमा परेका मोरङ्ग जिल्लामा ५६ वटा गा.वि.स. र १ उ.म.न.पा.मा संचालन भएका ३३० वटा साक्षरता कक्षाहरु मध्ये कटहरी स्रोतकेन्द्र अन्तर्गत थलाहा, भौडाहा , कटहरी, भाथीगछ , पोखरीया, सिसवनीजहदा, र मझारे गा.वि.स. भित्र संचालन भएका ३० वटा साक्षरता अभियानका कक्षाहरुलाई जनसंख्या छनौट गरिएकोछ ।

## ३.३ नमुना छनौट प्रक्रिया र नमूनाको आकार

यस अध्ययनमा कटहरी स्रोतकेन्द्र अन्तर्गत थलाहा र भौडाहा गा.वि.स. अन्तर्गत संचालन भएका ४/४ वटा गरी ८ वटा साक्षरताका कक्षाहरुलाई प्रतिनिधिमुलक जनसंख्या (नमूना) गरिएको छ । ८ वटा साक्षरताका कक्षामा अध्ययन तथा सहभागी भएका प्रतिकक्षा १० जनाका दरले ८० जना सहभागी प्रतिकक्षा १ जना स्वयंसेवकको दरले ४ जना स्वयंसेवक प्रति गा.वि.स. १ जनाका दरले २ जना स्थानीय निरीक्षक गरी जम्मा ८६ जनालाई नमूना जनसंख्या मानिएको छ । गा.वि.स.गत साक्षरता कक्षाका सहभागीलाई सामान्य संभावनायुक्त विधिका आधारमा छनौट गरिएको छ । साक्षरता स्वयंसेवक तथा स्थानीय निरीक्षकलाई उद्देश्यमुलक नमूना छनौट विधिका आधारमा छनौट गरिएको छ ।

## ३.४ नमूना छनौटका आधार

यस अध्ययनमा विशेष मोरङ्ग जिल्लाको सवैभन्दा बढी दलितहरु बाहुल्यता भएको गा.वि.स. भौडाहा र थलाहा भएकोले उक्त गा.वि.स. भित्र संचालन भएका साक्षरता कक्षाहरुलाई नमूना छनौटका रुपमा लिइएको छ । विकास निर्माणका दृष्टिकोणले पछि परेका, दलित जनजाति आदीबासीहरुको बाहुल्यता भएका र विशेषत महिला प्रौढहरुको सहभागीता बढी भएमा साक्षरताका कक्षाहरुलाई नै नमूना छनौटका आधारको रुपमा लिइएको छ । जातीय र लैङ्गिकताका आधारमा उनीहरुको समावेशीकरणको अध्ययन गरिएको छ ।

## ३.५ अनुसन्धानका साधन

अध्ययन कार्यलाई बढी प्रभावकारी बनाउन छनौट गरिने गा.वि.स. मा संचालन भएका साक्षरता कक्षाबाट प्राप्त प्राथमिक तथा द्वितिय स्रोतहरुलाई निम्नलिखित साधनद्धारा तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५.१ प्रश्नावली

साक्षरता अभियानका साक्षरताका कक्षाहरुमा सहभागीहरुको सहभागिताको स्थिति पहुँच पुग्न नसक्नुका कारण, व्यवहारीक परिवर्तन, कार्यक्रम संचालनका समस्या र समाधानका उपायहरुँग सम्बन्धित प्रश्नहरु समावेश गरी सहभागीहरुका लागि प्रश्नावली तयार गरिएको छ ।

### ३.५.२ अवलोकन सूचि

अवलोकनबाट तथ्याङ्क संकलन गर्दा व्यवहारिक हुने र प्रकृतिक अवस्थामा नै विवरणहरु प्राप्त हुने अपेक्षाले साक्षरता अभियानमा सहभागी भएका सहभागी , स्वयंसेवक, स्थानीय निरीक्षक तथा जिल्ला शिक्षा कार्यालयका कर्मचारी समेत समेट्ने गरी अवलोकन फारमको प्रयोग गरिएको छ ।

### ३.५.३ अन्तवार्ता प्रश्नावलि

छनौटमा परेका कक्षाका स्वयंसेवक सहभागीहरु, स्रोतव्यक्ति, वि.नि. स्थानिय निरिक्षक अभिभवक तथा कार्यक्रम संयोजक सँग अन्तवार्ता लिइएको छ । अन्तवार्ताबाट प्रत्यक्षरुपमा वार्ताहुने र तथ्यकुराको प्राप्ती हुने भएकोले यो विधि प्रायोग गरिएको हो । अन्तवार्ता खुला प्रश्नावलीको रुपमा रहेको छ ।

### ३.५.४ दस्तावेज पुनरावलोकन

सम्बन्धित गा.वि.स. तथा साक्षरता केन्द्रले राखेका अभिलेखहरु, अनौपचारिक शिक्षाकेन्द्रबाट संचालित र प्रकाशित अनौपचारिक शिक्षा सम्बन्धि तथ्याङ्कहरु तथा जिल्ला शिक्षा कार्यालयले अद्यावधिक गरेका अभिलेख एवं तथ्याङ्कहरुलाई पुनरावलोकन गरिएको छ ।

## ३.६ तथ्याङ्कश्रोत

यस अध्ययनमा छनौट गरिने साक्षरताका कक्षाका प्राथमिक तथा द्वितिय स्रोतहरुबाट तथ्याङ्क संकलन गरिएको छ।

## ३.७ तथ्याङ्क संकलन प्रक्रिया

छनौट गरिने साक्षरताका सहभागी , स्वयंसेवक, स्थानीय निरीक्षक समेतलाई अवलोकन, प्रश्नावली, अन्तावार्ता, विभिन्न दस्तावेज पुनरावलोकन जस्ता साधानहरुको प्रयोग गरी तथ्याङ्क संकलन कार्य गरिएको छ । सम्बन्धित ठाउँमा गई तथ्याङ्क भर्ने भराउने भेटघाटपूर्व वातावरण निर्माणगर्ने भलाकुसारी गर्ने, विभिन्न भरिएका तथा उपलब्ध फारमको अवलोकन तथा अध्ययन गर्ने जस्ता व्यवहारिक क्रियाकलापबाट तथ्याङ्क संकलन प्रक्रिया संचालन गरिएको छ ।

## ३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया

तथ्याङ्क संकलन कार्य सम्पन्न गरी संकलित तथ्याङ्कको विश्लेषण कार्य गरिएको छ। संकलनको क्रममा दाहोरिएका, अस्पष्ट भएका तथा अशान्दर्भिक र अनावश्यक तथ्यलाई हटाइएको छ। स्पष्ट र अर्थपूर्ण बनाइएका तथ्याङ्क एवं सुचनालाई सांकेतिकरण, तालिकीकरण तथा वर्गीकरण गरी तिनीहरुलाई गुणात्मक तथा वर्णनात्मक विधिद्धारा अर्थपूर्ण विश्लेषण गरी निष्कर्षमा पुगिएको छ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या

यस अध्ययन लाई सहभागीहरुको पहुँच, नियमित नहुने कारण, कार्यक्रमको प्रभावकारीता, संचालनमा परेका समस्या र समाधानका उपायहरु जस्ता पक्षहरुलाई निम्नानुसार व्याख्या र विश्लेषण गरिएको छ

## ४.१ तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरणको आधार

यस अध्ययनमा मोरङ्ग जिल्लाका ६५ गा.वि.स तथा १ उपमहानगरपालिका भित्रका साक्षरताका कक्षाहरु मध्ये यस अध्ययन छनौटमा परेका मोरङ्ग जिल्लाका १६ वटा श्रोतकेन्द्रहरु मध्ये कटहरी श्रोतकेन्द्र अन्तर्गतका ७ वटा गा.वि.स. हरु थलाहा र भौडाहा भित्रका ४/४ गरी ८ वटा साक्षरता कक्षाहरुको स्थलगत सर्वेक्षण गर्दा प्राप्त तथ्याङ्कको विश्लेषण र व्याख्या गरिएको छ। अध्ययनको छनौटमा परेका ८ वटा साक्षरता केन्द्रका स्थानीय निरीक्षक स्वयंसवेक तथा जिल्ला शिक्षा कार्यालयका निरीक्षक, कार्यक्रमका सहभागी समक्ष अध्ययनसँग सम्बन्धित उद्देश्यलाई आधार मानेर प्रश्नावली, अन्तवार्ता अनुसुची,  अवलोकन र अनुगमन फारम भराइएको छ। साधनको प्रयोगबाट प्राप्त तथ्याङ्कहरुलाई संख्यात्मक तथा विवरणात्मक रुपमा व्याख्या विश्लेषण गरिएको छ।

## ४.२. साक्षरता अभियान कार्यक्रमको वर्तमान स्थिति

यस शोध अध्ययनमा राष्ट्रिय साक्षरताका अभियान कार्यक्रम अन्तगर्त मोरङ्ग जिल्लामा संचालन भएका साक्षरता कक्षाको स्थिति, कार्यक्रममा प्रौढहरुको सहभागिता, साक्षरता शिक्षा कार्यक्रममा प्रौढहरुको पँहुच, नियमित नहुने कारणहरु, कार्यक्रमको प्रभावकारीता, संचालनमा परेका समस्या र समाधानका उपायहरु  जस्ता पक्षहरुलाई निम्नानुसार बुँदागत रुपमा तालिका, चित्र समेतको आधारमा व्याख्या र विश्लेषण गरिएको छ।

### ४.२.१ मोरङ्ग जिल्लाको साक्षरता स्थिति

मोरङ्ग जिल्लाको कूल जनसंख्या ८९८७४ रहेको छ । कूल जनसंख्या मध्ये १५ बर्ष माथिका निरक्षरताको संख्यात्मक विववरण १५८६१४ देखिएकोले कूल जनसंख्याबाट हेर्दा निरक्षरताको जिल्लाको प्रतिशत १७.६६ देखिएको छ । १५ बर्ष भन्दा माथिको साक्षरताको संख्यात्मक विवरण ४५००४९ रहेको छ । १५ बर्ष भन्दा माथिको जनसंख्यालाई मात्र आधार मान्दा निरक्षताको प्रतिशत ३५.२४ प्रतिशत रहेको छ । तथ्याङ्क अनुसार पुरुषको निरक्षरता ११.५२ र महिलाको २३.७० रहेको छ (साक्षरता अभियानको लागि जिल्ला स्तरीय समष्टिगत फारम ०६७, जि.शि.का मोरङ्ग) ।

उल्लेखित विवरण अनुसार ५ बर्ष पूरा भई १५ बर्ष उमेर समूहको बालबालिकाको विद्यालय नगएको २४६४४ संख्या लाई जोड्दा उक्त संख्या १८३२५८ हुने भएकोले जिल्लाको निरक्षरताको कूल प्रतिशत ४०.७१ रहेको तथ्यसाक्षरता अभियानको लागी जिल्ला स्तरीय समष्टिगत फारम -२०६७, जि.शि..का. मोरङ्गबाट देखिन्छ । यस शोधपत्रमा साक्षरता अभियानका लक्षित समूह उमेर १५ बर्ष देखि ६० बर्ष  उमेर समूहलाई विशेष आधार लिई अध्ययन गरिएको छ ।

वि.सं. २०५८ को राष्ट्रिय जनगणना अनुसार नेपालको साक्षरता प्रतिशत ५३.७४ रहेको छ । पुरुष साक्षरता ६५.०८ प्रतिशत र महिला साक्षरता ४२.४७ प्रतिशत रहेको छ । नेपालको सबैभन्दा कम साक्षरता हुम्ला जिल्लामा २६.६ प्रतिशत रहेको छ भने सबैभन्दा बढी साक्षरता काठमाण्डौं जिल्लामा ७७.१ प्रतिशत रहेको देखिन्छ ।

मोरङ्ग जिल्लाको **Flash Report** २०६२  अनुसार, जिल्लाको साक्षरता प्रतिशत ५६.७ रहेको, जसमा महिलाको ४६.६ र पुरुषको ६६.८ रहेको देखिन्छ । जनसंख्याको हिसाबले काठमाण्डौं पछिको दोश्रो ठूलो जिल्ला मोरङ्गमा ४२२८९५ पुरुष र ४२०३२५ महिला गरी जम्मा ८४३२०२० देखिए पनि केहि बर्ष देखि देशका विभिन्न भागबाट बसाइसराइँको चापले गर्दा जिल्लाको साक्षरताको दरमा उतारचढाव आइरहेको पाइन्छ ।

**तालिका (४.१) अध्ययन क्षेत्रको साक्षरता स्थिति -२०६७**

| गा.वि.स | कूल जनसंख्या | | | निरक्षर | | | साक्षर | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| भौडाहा | 2602 | 3556 | 7158 | 1505 | 1141 | 2646 | 2097 | 2415 | 4512 |
| थलाहा | 4353 | 4189 | 8542 | 1267 | 829 | 2096 | 3086 | 3360 | 6446 |
| जम्मा | 7955 | 7745 | 1570 | 2772 | 1970 | 4742 | 5183 | 5775 | 10958 |

*श्रोत : साक्षरता अभियानको लागी जिल्ला स्तरीय सर्वेक्षण फारम ०६७, जि.शि.का. मोरङ्ग ।*

माथि उल्लेखित तालिकालाई विश्लेषण गर्दा भौडाहा गा.वि.स. को निरक्षरता ३६.९% रहेको छ । जसमध्ये महिलाको २१.०२ र पुरुषको १५.९४ रहेको देखिन्छ भने महिलाको जनसंख्या बाट महिलाको ४१.७८ र पुरुषको जनसंख्याबाट पुरुषको ३२.०८ प्रतिशत निरक्षरताको स्थिति रहेको छ । भौंडाहा गाविसको कूल साक्षरता ६३.०३ प्रतिशत मध्ये महिलाको २९.२९ र पुरुषको ३३.७३ रहेको छ । पुरुषको जनसंख्याबाट पुरुषको साक्षरता प्रतिशत ६७.९१ र महिलाको जनसंख्याबाट महिलाको साक्षरता ५८.२१ रहेको छ ।

प्रस्तुत तालिका अनुसार थलाहा गा.वि.स. को कूल प्रतिशत २४.५३ रहेको र जसमध्ये महिलाको २९.१० र पुरुषको १९.७८ रहेको छ । महिलाबाट महिलाको निरक्षता प्रतिशत १४.६३ र पुरुषको ९.७० रहेको छ । थलाहा गाविस को कुल साक्षरता प्रतिशत ७५.४६ रहेको र महिलाको साक्षरता प्रतिशत ३६.१२ र पुरुषको ३९.३३ रहेको छ । महिलाको जनसंख्याको आधारमा महिलाको साक्षरताको प्रतिशत ७०.८९ र पुरुषको जनसंख्याको आधारमा पुरुषको साक्षरताको प्रतिशत ८०.२ रहेको तथ्य तालिकाबाट विश्लेषण गरिएको छ ।

## ४.२.२ साक्षरता अभियान कार्यक्रममा प्रौढ सहभागिता स्थिति

कटहरी स्रोतकेन्द्र अन्तर्गत छनौट भएका भौडाहा र थलाहा गा.वि.स. अन्तर्गत संचालन भएका साक्षरताका कक्षा केन्द्रमा सहभागी भएका सहभागीहरुको स्थिति अन्तर्गत सहभागीहरुको संख्या, लिङ्ग, उमेर, जाती, वैवाहिक स्थिति, पेशा, समय, उत्साह प्रदान गर्ने व्यक्ति तथा निकाय एवं अन्य सम्बन्धित पक्षको स्थितिको अध्ययन गरी निम्नानुसार प्रस्तुत गरिएको छ ।

### क) प्रौढ साक्षरता केन्द्र संचालन स्थान तथा सहभागीहरुको संख्यात्मक विवरण

राष्ट्रिय साक्षरता अभियान कार्यक्रम मोरङ्ग जिल्लाका ६५ वटै गा.वि.स. र १ उपमहानगरपालिका सबै वडाहरुमा लागु भएको सन्दर्भमा आ.ब. ०६७/०६८ मा भौडाहा र थलाहा गा.वि.स. भित्र ४/४ वटा गरी जम्मा ८ वटा कक्षा / केन्द्रहरु संचालन गरिएको थियो । उक्त गा.वि.स. मा संचालन भएका साक्षरताका कक्षा / केन्द्रहरुमा सहभागी भएकाहरुको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका (४.२) भौडाहा र थलाहा गा.वि.स. मा भर्ना भएका सहभागी संख्या**

| *क.सं.* | *गा.वि.स.* | *केन्द्र* | *सहभागीहरुको संख्या* | | | *महिला प्रतिशत%* |
|---|---|---|---|---|---|---|
| | | | *महिला* | *पुरुष* | *जम्मा* | |
| १ | भौडाहा | भाटीभौडाहा | 28 | 9 | 37 | 75 |
| २ | भौडाहा | सितपुर ७ | 36 | | 36 | 100 |
| ३ | भौडाहा | ग्रामस्थान ६ | 33 | | 33 | 100 |
| ४ | भौडाहा | खयरवना ९ | 31 | 6 | 37 | 83 |
| ५ | थलाहा | तकिया १ | 33 | 8 | 41 | 80 |
| ६ | थलाहा | डंटोली ६ | 32 | 6 | 38 | 84 |
| ७ | थलाहा | केशरिया ९ | 28 | | 28 | 100 |
| ८ | थलाहा | हुडहुडीया ७ | 25 | 15 | 40 | 62 |
| | **जम्मा** | | 246 | 44 | 290 | 85 |

*श्रोत : राष्ट्रिय साक्षरता अभियान सम्बन्धि प्रोफाइल -२०६७, कटहरी श्रोतकेन्द्र, मोरङ्ग ।*

प्रस्तुत तालिका ४.२ अनुसार भौडाहा गा.वि.स. अन्तगर्तका सितपुर, ग्रामस्थान र थलाहा गा.वि.स. को केशोरीया केन्द्रमा महिलाको सहभागिता १०० भएको देखिन्छ। भौडाहा गा.वि.स. को भाटीभौडाहा र खयरवना केन्द्रमा र थलाहा गा.वि.स.को तकिया डंगटोली हुडहुडीया केन्द्रमा पुरुष प्रौढको सहभागिता भएको देखिन्छ। महिला र पुरुष दुवैको लागि एउटै केन्द्र भएको नातागोता तथा धर्म संस्कृतिको कारण सिधा हेर्न र सँगै बस्न नपाउने प्रचलन रहेकोले यी केन्द्रमा पुरुष प्रौढको सहभागिता कम भएको तथ्य स्वयंसेवकहरु बाट थाहा भएको थियो। जनचेतना तथा घरायसी कामकोकारण व्यापार व्यवसाय कृषि कार्य आदीले पुरुषहरुको सहभागीतामा कम देखिन्छ।

थलाहा गा.वि.स को केशोरीया केन्द्र बाहेक अन्य सबै केन्द्रहरुमा निर्देशिका बमोजिमको ३० जना सहभागीहरु भन्दा बढी पाइयो र यसको औषत सहभागी दर ३६.२५ रहेको छ। सरदार ६ जना प्रतिकेन्द्र सहभागी बढी हुनुमा जिल्लाबाट त्यस्ता गाविसमा केन्द्र संख्या कम तोक्नु र निरक्षर प्रौढको संख्या बढी हुनु नै अध्ययनबाट देखिएको छ।

## ख. सहभागीहरुको उमेरगत स्थिति विवरण

राष्ट्रिय साक्षरता अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका २०६५ अनुसार प्रौढ साक्षरता कार्यक्रमका लक्षित समूह १५-६० बर्ष उमेर समूहलाई तोकेकोले राष्ट्रिय साक्षरता कार्यक्रमलाई अभियानको रुपमा अघि बढाउन विभिन्न क्षेत्रले प्रचार प्रसार तथा जनचेतना फैलाउने कार्य गरेको लक्षित उमेर समूहका सहभागीहरुलाई थप सहयोग पुगेको अध्ययनबाट देखिन्छ। राष्ट्रिय साक्षरता अभियान पूर्व १५-४५ बर्ष उमेर समूहलाई लक्षित समूह मानी कार्यक्रमहरु संचालन भएका थिए। सहभागीहरुको संख्यात्मक विवरणलाई उमेरगत हिसाबले तालिममा प्रस्तुत गरिएको छ। तालिकामा केन्द्र/कक्षाका ८० जना सहभागीहरुलाई एकमुष्ठ रुपमा प्रस्तुत गरिएको छ।

### तालिका (४.३) सहभागीको उमेरगत स्थिति विवरण

| *क.सं.* | *उमेर समूह* | *संख्या* | *प्रतिशत* |
|---|---|---|---|
| १ | १५ भन्दा कम | 3 | 3 |
| २ | १५-२५ | 15 | 19 |
| ३ | २५-३५ | 17 | 22 |
| ४ | ३५-४५ | 20 | 26 |
| ५ | ४५-५५ | 14 | 17 |
| ६ | ५५-६० | 9 | 11 |
| ७ | ६० भन्दा माथी | 2 | 2 |
| | *जम्मा* | *८०* | *१००* |

*श्रोत : सर्वेक्षण फारम २०६७, कटहरी श्रोतकेन्द्र, मोरङ्ग ।*

तालिका ४.३ अनुसार ३५-४५ बर्ष उमेर समूहका सहभागीहरु सबै भन्दा बढी र ५५-६० बर्ष उमेरसमूहको संख्या कम पाइयो । लक्षित उमेर समूह भन्दा कम ३ जना र बढीमा २ जना सहभागी देखिन्छ । वैकल्पिक विद्यालयमा पहुँच नपुग्नु र केही ६० बर्ष उमेर पार गरेका व्यक्तिहरुले पढने लेख्ने रहर जगाउनुले यस्तो अवस्था देखिएको सरोकारवालाहरुबाट बुझिएको छ ।

## ग. प्रौढ सहभागीको पेशागत विवरण

यस अध्ययनको छनौटमा परेका भौडाहा र थलाहा गाविसहरु ग्रामीण भेगका भएका हुँदा यहाँका अधिकांश मानिसहरु कृषि, मजदुरी वस्तुपालन, रिक्शा चलाउने, इट्टाभट्टा तथा उद्योगधन्दामा काम गर्ने र घरायसी कामकाज गर्ने गर्दछन । छनौटमा परेका भौडाहा र थलाहाका ८ वटा साक्षरता कक्षाका सहभागीहरु पनि अधिकांश घरधन्दा उद्योग कलकारखाना कृषिकार्य, इट्टाभट्टामा काम गर्ने देखिए । सहभागीको पेशागत विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ

## तालिका नं. (४.४) साक्षरता कक्षाका सहभागीको पेशागत विवरण

| क.सं. | पेशाको विवरण | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | खेतीपाती | 32 | 40 | |
| २ | उद्योग, फ्याक्ट्री मजदुरी | 12 | 15 | |
| ३ | इट्टाभट्टामा मजदुरी | 14 | 17 | |
| ४ | पशुपालन | 3 | 4 | |
| ५ | व्यापार व्यवसाय | 2 | 2 | |
| ६ | रिक्सा ठेला चलाउने | 4 | 5 | |
| ७ | घरधन्दा | 13 | 16 | |
| | **जम्मा** | **80** | **100** | |

*श्रोत : स्थलगत सर्वेक्षण २०६८, श्रोतकेन्द्र, कटहरी, मोरङ्ग ।*

चित्र -१

माथि प्रस्तुत तालिका ४ लाई वृत्तचित्रबाट प्रस्तुत गर्दा,

प्रस्तुत तालिका र चित्र १ अनुसार साक्षरता कक्षाका सहभागीहरु अधिकांश कृषिकार्य वा पेशामा ४० प्रतिशत र पशुपालन समेतको प्रतिशत ४ समेत गर्दा ४४ प्रतिशत हुन आउँछ। यहाँ कृषिको

सहभागीता ४४ प्रतिशत देखिनुमा अधिकांश सहभागीहरुको आफ्नो जग्गा नहुनु भएर पनि ज्यादै न्यून रहनु हो । भौडाहा र थलाहा गा.वि.स. मात्र नभई यसका आसपासका कटहरी, दादरवैरिया, झोराहाट गाविसमा संचालन भएका भट्टाहरुमा समेत काम गर्न जानु पर्ने बाध्यताले गर्दा यस्तो तथ्याङ्क आएको हो । सहभागीहरु मध्ये १६ प्रतिशत सहभागीहरु घरधन्दा कार्यमा नै व्यस्त रहेको भेटियो । स्थानीय तथा आसपासका र विराटनगरमा संचालन भएका उद्योगहरुमा सहभागीहरुले काम गरेको देखिन्छ यहाँ संचालन भएका कक्षामा सहभागी भएका प्रौढहरु मध्ये २.५ प्रतिशतले मात्र व्यापार व्यवसायको पेशा अंगालेको अध्ययनबाट देखिएको छ ।

**तालिका (४.५) : साक्षरता कक्षाका सहभागीको जातिगत तथा वैवाहिक स्थिति**

| क.सं. | विवरण | विवाहित | | अविवाहित | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | दलित | 30 | 37 | 2 | 2 | 32 | 40 |
| २ | जनजाति | 18 | 22 | 4 | 5 | 22 | 27 |
| ३ | आदिवासी | 16 | 20 | 4 | 5 | 20 | 2 |
| ४ | मधेसी | 4 | 2 | 2 | 2 | 6 | 7 |
| ५ | मुस्लिम | | | | | | |
| ६ | अन्य | | | | | | |
| | ***जम्मा*** | ***68*** | ***85*** | ***12*** | ***15*** | ***80*** | ***100*** |

*श्रोतः श्रोतकेन्द्र प्रोफाएल -२०६७, कटहरी श्रोतकेन्द्र, मोरङ्ग ।*

## घ) साक्षरताका सहभागीको जातीगत तथा वैवाहिक स्थितिको विवरण

यस अध्ययनको छनौट अन्तर्गत मोरङ्ग जिल्लाका १६ वटा स्रोतकेन्द्र मध्ये कटहरी श्रोतकेन्द्र अन्तर्गत पर्ने ७ वटा गाविस मध्ये भौडाहा र थलाहा गाविस अन्तर्गत संचालन भएका ४/४ वा गरी ८ वटा साक्षरताका कक्षामा सहभागीहरुको जातीगत तथा वैवाहिक स्थितिको अध्ययनको क्रममा प्राप्त तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ ।

प्रस्तुत ताालिका ५ लाई स्तम्भ चित्रबाट प्रस्तुत गर्दा,

**चित्र २**

**सहभागीको जाति र वैवाहिक स्थितिको विवरण**

*श्रोतः*

*श्रोतकेन्द्र प्रोफाएल -२०६७, कटहरी श्रोतकेन्द्र, मोरङ्ग ।*

तालिका ४.५ तथा चित्र २ अनुसार सबैभन्दा बढी दलित र सबै भन्दा कम मधेसीको परिभाषा भित्र समेटिएका जातिहरुको सहभागीता पाइएको छ । आदिवासीहरुको बाहुल्यता भएको क्षेत्र भएकोले सरदार झाँगड,राजवंशी, थारु आदिवासी भएको कारण उनीहरुको सहभागीता २० प्रतिशत रहेको देखिन्छ ।सहभागीहरु मध्ये ८५ प्रतिशत विवाहित र १५ प्रतिशत अविवाहित रहेको देखिन्छ । दलित तथा आदिवासीको समुदायहरुमा सानै उमेरमा विवाह गरिदिने चलन यद्यपी काम रहेको छ । विवाह पश्चात पनि माइत घरमा लामो समय बस्ने प्रचलनको कारण शिक्षा तथा पढन पाउने अवसरबाट वंचित रहेका यस्ता समुदायका व्यक्तिहरुलाईवैकल्पिक विद्यालय प्रणाली तथा अन्य उपायबाट शिक्षाको मूल प्रवाहमा समाहित गर्न नितान्त आवश्यक देखिन्छ ।

### ङ) कार्यक्रम संचालन दिन र कार्य घण्टा विवरण

कटहरी श्रोतकेन्द्रका ७ वटा गाविस मध्ये भौडाहा र थलाहामा संचालन भएका ८ वटा साक्षरताका कक्षाहरुको लागि गाविस गत रुपमा १/१ जना स्वयंसेवक गरी जम्मा ८ जनाको छनौट गरी नियुक्ति गरिएको थियो । उनीहरुले भरेको रेकर्ड तथा स्थानीय निरीक्षक समेतले भरेका सर्वेक्षण फारम अनुसार प्राप्त सहभागीहरुको कक्षा चलेको दिन र कार्यघण्टा विवरणलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका (४.६) साक्षरता कक्षाको कार्यक्रम संचालन दिन र कार्यघण्टा विवरण**

| *क.सं.* | *साक्षरता* | *कक्षा संचालन दिन* | | *दैनिक कार्यघण्टा* | *कैफियत* |
|---|---|---|---|---|---|
| | | *दिन* | *प्रतिशत* | | |
| १ | भाटीभौडाहा १ | 52 | 70 | 2 #)^f | |
| २ | सितपुर ७ | 50 | 66 | 2 #)^f | |
| ३ | ग्रामस्थान ६, भौडाहा | 47 | 62 | 2 #)^f | |
| ४ | खयरवना ९, भौडाहा | 48 | 64 | 2M30 #)^f | |
| ५ | तकिया ८, भौडाहा | 54 | 72 | 2M30 #)^f | |
| ६ | डंगटोली ६, थलाहा | 58 | 77 | 3 #)^f | |
| ७ | केशरीया ९, थलाहा | 46 | 61 | 3 #)^f | |
| ८ | हुडहुडीया७, थलाहा | 60 | 80 | 3 #)^f | |
| | *औषत* | ***54*** | ***69*** | | |

*श्रोत : श्रोतकेन्द्र प्रोफाएल -२०६७, कटहरी श्रोतेकन्द्र मोरङ्ग ।*

प्रस्तुत तालिकालाई अध्ययन गर्दा साक्षरता अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम निर्धारण गरिएको दैनिक २ घण्टाको पढाईको समयको सबै साक्षरताका कक्षाहरुमा पूर्ण सदुपयोग भएको र केही कक्षाहरुले आधा घण्टा देखि १ घण्टासम्म समय थप गरी कक्षा संचालन गरेको पाइयो । संचालन गर्नु पर्ने कूल ७५ दिन मध्ये ५४ दिन संचालन भएको औषत तथ्याङ्कले सहभागीहरु नियमित नभएको प्रष्ट देखिन्छ । घरायसी तथा अन्य कामकाजको कारण नियमितता हुन सकेको पाइएन भने ६९ प्रतिशत कक्षा संचालन भएको अवस्थाले यस तर्फ सरोकारवालाहरुको ध्यान जान नितान्त आवश्यक देखिएको छ ।

## ४.३ साक्षरताका कक्षाहरुमा सहभागीहरुको पहुँचको अवस्था

राष्ट्रिय साक्षरताअभियान कार्यक्रम कार्यान्वनय निर्देशिकाले निर्देशन गरे बमोजिम अधिराज्यभर अनौपचारिक शिक्षा अन्तगर्तका साक्षरताका कक्षाहरु अभियानको रुपमा संचालन हुने क्रममा मोरङ्ग जिल्लामा पनि यो अभियान प्रभावकारी ढंगले संचालन भयो । यस अध्ययनमा परेका भौडाहा र थलाहा गाविसका साक्षरताका कक्षाका सहभागीहरुको पहुँचको अवस्थालाई अध्ययन गर्नको लागि नियमितता हुने नहुने तथा बीचैमा छाड्ने अवस्थाको अध्ययन एवं विश्लेषण गरिएको छ ।

### ४.३.१ कार्यक्रमका सहभागीहरुको अनियमितताको स्थितिको विवरण

संचालित साक्षरताका कक्षाहरुका सहभागीहरु सबैको समान कार्य प्रकृति नभएको तथा रुची र चाहनामासमेत फरक हुने मानवीय प्रवृतिको कारण सहभागीताको अवस्थामा फरक पाइएको छ । स्वयंसेवक तथा स्थानीय निरीक्षकबाट प्राप्त विवरणको आधारमा नियमित नहुने सहभागीहरुको विवरणलाई संख्यात्मक तथा प्रतिशतको आधारमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका (४.७) साक्षरता कक्षाका सहभागीका अनियमितता हुने स्थिति विवरण

| *क.सं.* | *साक्षरता केन्द्र* | *सुरुको सहभागी संख्या* | *अनियमित संख्या* | *अनियमित प्रतिशत* |
|---|---|---|---|---|
| १ | भाटी भौंडाहा, १ भौडाहा | 37 | 10 | 27 |
| २ | सितपुर ७, भौडाहा | 36 | 12 | 33 |
| ३ | ग्रामस्थान ६, भौडाहा | 33 | 10 | 30 |
| ४ | खयरवना ९, भौडाहा | 37 | 8 | 21 |
| ५ | तकिया ८, भौडाहा | 41 | 14 | 34 |
| ६ | डंगटोली ६, थलाहा | 38 | 10 | 26 |
| ७ | केशोरीया ९, थलाहा | 28 | 6 | 21 |
| ८ | हुडहुडीया७, थलाहा | 40 | 16 | 40 |
| | *औषत* | ***36*** | ***11*** | ***29*** |

*श्रोत : श्रोतकेन्द्र प्रोफाएल -२०६७, कटहरी श्रोतेकन्द्र मोरङ्ग ।*

प्रस्तुत तालिका ४.७ लाईविश्लेषण गर्दा सबै भन्दा बढी अनियमित प्रतिशत हुडहुडीया७ थलाहा केन्द्रमा र सबै भन्दा कम अनियमितता केशोरीया ९ थलाहा र खयरवना ९ भौडाहामा पाइयो । हुडहुडीया ७ थलाहा केन्द्रको सेवाक्षेत्र भित्रका समुदाय विपन्न वर्गका भएका र दलित समुदायका विशेष सरदार र बाँतर बढी भएको साथै चेतना ज्यादै कम भएकोले अनियमितता बढी पाइको छ भने खयरवना ९ भौडाहा र केशोरीया ९ थलाहामा आदिवासी तथा जनजाती भएका र व्यापार व्यवसाय एवं कृषि पेशा अंगाल्न र चेतना केही मात्रामा बढी भएको कारणले अनियमितता हुने प्रतिशत कम पाइएको छ ।

अध्ययनको छनौटमा परेका भौंडाहा र थलाहा गाविस मा सुरुका सहभागी संख्या निर्देशिका बमोजिम ३० जना हुनु पर्नेमा औषत सो संख्या ३६ रहेको र अनियमित प्रतिशत २९ रहेको तथ्य उल्लेखित तालिकाले प्रस्तुत गरेको छ ।

### ४.३.२ साक्षरता कक्षाका सहभागीहरुको नियमित सहभागीता कमी हुनाका कारण

साक्षरता कक्षाका सहभागी, स्वयंसेवक तथा स्थानीय निरीक्षक तथा वि.नि. समेतलाई सोधिएको प्रश्नावली तथा अर्न्तवार्ता सूची बमोजिम सहभागीहरु अनियमित हुने कारणहरु निम्नानुसार तालिकामा प्रस्तुत गरएको छ ।

**तालिका (४.८) सहभागीतामा कमी हुनाको कारण**

| *क्र.सं.* | *कारण* | *८० सहभागी मध्ये* | *प्रतिशत* |
|---|---|---|---|
| १ | घरायसी कामधन्दा | 25 | 32 |
| २ | सुत्केरीको कारण | 2 | 2 |
| ३ | समय अनुकूल नभएर | 10 | 13 |
| ४ | गर्मी बर्षाको कारण | 6 | 7 |
| ५ | पढ्ने लेख्ने स्थान राम्रो नभएर | 12 | 15 |
| ६ | स्वयंसेवकको राम्रो व्यवहार नभएर | 7 | 9 |
| ७ | पढाएको नबुझ्रेर | 4 | 5 |
| ८ | घरका सदस्यको अवरोध | 9 | 11 |
| ९ | बिरामी तथा अन्य | 5 | 6 |

*श्रोत : सर्वेक्षण फारम -२०६७, जि.शि.का. मोरङ्ग ।*

माथिको तालिका अनुसारको तथ्याङ्कलाई चित्र ३ मा वृत्तचित्रको माध्यमबाट प्रस्तुत गर्दा,

**चित्र ३**

**साक्षरता कक्षामा सहभागीता कम हुनाका कारण**

माथि प्रस्तुत तालिका ४.८ तथा चित्र ३ अनुसार सहभागीहरु घरायसी घरधन्दाको कारणले नियमित हुन सक्दैनन । घरका सदस्यहरु सासु, ससुरा श्रीमान वा अन्य सदस्यका अवरोधका कारण समेत उक्त कक्षामा सहभागीता न्यून रहेको देखिन्छ । पढने स्थानको व्यवस्थापन राम्रो नहुनु र स्वयंसेवकको व्यवहारको कारणले समेत सहभागितामा कमी रहेको कुरा अध्ययनबाट देखिएको छ । परम्परागत संस्कार मूल्य मान्यता अनुसार चलेको समाजमा अझै पनि शिक्षाको महत्वलाई आत्मसात नगर्नु र बुझे पनि त्यसको कार्यान्वयन गर्न हिचकिचाउने प्रवृक्तिका कारण अझैपनि साक्षरताका कक्षाहरुमा सहभागीताको कमी देखिएको छ । यस्ता क्षेत्रहरुमा व्यापक जनचेतना अभियानको रुपमा संचालन गर्नु पर्दछ र अनिवार्य साक्षरता कक्षा संचालन कार्यक्रम संचालन गर्नका लागि स्थानीय संघसंस्था तथा सरोकारवालाहरुसंग बृहत छलफल गरी कार्य योजना तयार गर्नु पर्ने नितान्त आवश्यक देखिन्छ ।

### ४.३.३ साक्षरता कक्षाका सहभागीहरु मध्ये कार्यक्रम समाप्त नभई कक्षा छाड्नेको स्थिति विवरण

साक्षरता अभियान कार्यक्रमलाई सफल पार्नको लागी नेपाल सरकराले केन्द्र देखि जिल्ला र स्थानीय तहसम्म साक्षरता अभियान समन्वय समिति गठन गरेको छ । गाविस स्तरीय समिति अन्तर्गत प्रत्येक वडाहरुमा वडा समिति रहने व्यवस्था छ । गाविस तथा वडा समितिले स्थानीय श्रोत र साधन परिचालन गर्ने प्रभावकारी उपाय अवलम्बन गर्न नसकेको, अनुगमन निरीक्षण कार्य फितलो भएको र जनचेतनाको कमीको कारण साक्षरता कार्यक्रम सहभागीहरु विचैमा कक्षा छाडेको तथ्याङ्क निम्न तालिकाबाट प्रस्तुत गरिएको छ ।

**तालिका (४.९) साक्षरता कक्षामा सहभागीहरु मध्ये कार्यक्रम समाप्त नभई कक्षा छोड्नेको विवरण**

| क.सं. | साक्षरता कक्षाकोठाको नाम | सुरुको सहभागी संख्या | अन्त्यको सहभागी संख्या | कक्षा छोड्ने | कक्षा छोडनेको प्रतिशत |
|---|---|---|---|---|---|
| १ | भाटीभौडाहा १ | 37 | 30 | 7 | 18 |
| २ | सितपुर ७, भौडाहा | 36 | 3032 | 6 | 16 |
| ३ | ग्रामस्थान ६, भौडाहा | 33 | 32 | 1 | 3 |
| ४ | खयरवना ९, भौडाहा | 37 | 32 | 5 | 14 |
| ५ | तकिया ८, भौडाहा | 41 | 37 | 4 | 10 |
| ६ | डंगटोली ६, थलाहा | 38 | 28 | 10 | 27 |
| ७ | केशरीया ९, थलाहा | 28 | 22 | 6 | 22 |
| ८ | हुडहुडीया७, थलाहा | 40 | 30 | 10 | 25 |
| ९ | *औषत* | ***36*** | ***33*** | ***6*** | ***17*** |

*श्रोत: श्रोतकेन्द्र अभिलेख -२०६७, कटहरी श्रोतकेन्द्र, मोरङ्ग ।*

माथि प्रस्तुत तालिका ४.९ अनुसार डङ्गटोली ५ थलाहा केन्द्रमा सबैभन्दा बढी २५ प्रतिशत सहभागीले कक्षा छाडेको पाइयो । जनचेतनाको कमी तथा गरिबीको कारणले

सहभागीहरुले कक्षा छोडने अध्ययनबाट देखिएकोछ । ग्रामस्थान ६ भौडाहा केन्द्रमा सबैभन्दा कम कक्षा छोडने ३ जना देखिनुमा जनचेतना र पारिवारीक सहयोग रहेको देखिन्छ । स्थानीय संघ संस्था तथा गाविस तथा वडा समितिको सक्रियता नभएमा र स्वयं व्यक्ति यस तर्फ लगनशिल नभएमा कक्षा छोडने दर बढी हुने कुरा अध्ययन बाट देखिन्छ ।

### ४.४.४ बीचैमा कक्षा छोड्ने कारण

साक्षरता कक्षाका सहभागीहरुले बिचैमा कक्षा छोडने कारणहरु विभिन्न परिवेशअनुसार फरक फरक हुने गर्दछन । यस अध्ययनको छनौटमा परेका साक्षरता कार्यक्रमका कक्षाका सहभागीहरुले कक्षा छोडने कारणहरुलाई उनीहरुलाई सोधिएको प्रश्नावली अनुसार निम्न बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका (४.१०) साक्षरता कार्यक्रम सहभागीले बीचैमा कक्षा छोडने कारण**

| क्र.सं. | कारण | सहभागी प्रौढ | प्रतिशत |
|---|---|---|---|
| १ | घरायसी काम | 26 | 33 |
| २ | पारिवारीक अवरोध | 14 | 18 |
| ३ | कक्षा व्यवस्थापन | 12 | 15 |
| ४ | स्वयं सेवकको व्यवहार | 13 | 16 |
| ५ | विवाह बसाई सराइँ | 10 | 12 |
| ६ | बिरामी र अन्य | 5 | 6 |
| | **जम्मा** | **80** | **100** |

*श्रोत : स्थलगत सर्वेक्षण -२०६८*

**चित्र ४**

**तालिका ४.१० लाई चित्र ४ मा वृत्तचित्रबाट प्रस्तुत गर्दा,**

**साक्षरता कार्यक्रमका सहभागीले बीचैमा कक्षा छोडने कारण**

तालिक ४.१० तथा चित्र ४ लाई विश्लेषण गर्दा सबैभन्दा बढी बीचैमा छोडने कारण घरायसी काम त्यस्तै पारिवारीक अवरोध, स्वयंसेवकको व्यवहार कक्षा व्यवस्थापन विवाह, बसाइँ सराई तथा बिरामी र अन्य कारण रहेको देखिन्छ । राजनैतिक भागवन्डाका आधारमा कोटा वितरण, स्वयंसेवकको छनौट कार्यले १६ प्रतिशत सहभागीहरुले कक्षा छोडेको तथ्य भेटीएको छ । आर्थिक अवस्था, सामाजिक विभेद तथा जनचेतना प्राचीन समयदेखि नै समस्या भएतापनि स्वयंसेवक तथा स्थानीय निरीक्षकको छनोट एवं कक्षा व्यवस्थापन तथा उचित सामग्रीको प्रबन्ध नहुनाका कारण भने नीतिगत प्रणालीले उब्जाएका ताजा सबाल हुन गएको कुरा अध्ययनबाट देखिएको छ ।

### ४.४.५ साक्षरता कार्यक्रममा सहभागी हुन हौसला दिने व्यक्तिको विवरण

साक्षरता अभियान कार्यक्रमको लागी केन्द्रतह देखि स्थानीय तह वडासम्म समन्वय समिति गठन निर्देशिका बमोजिम भएतापनि साक्षरता कार्यक्रमका सहभागीहरुले विभिन्न व्यक्तिहरुबाट उक्त कार्यक्रम सहभागी हुने हौसला प्राप्त गरेका थिए । सहभागीहरुलाई हौसला दिने व्यक्तिको-को हुन भनीसोधिएको प्रश्नका आधारमा प्राप्त उत्तरलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका (४.११) साक्षरता कार्यक्रममा सहभागी हुन हौसला दिने व्यक्तिको विवरण**

| **क.सं.** | **हौसला** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | बुवा, आमा | 4 | 5 |
| २ | श्रीमान | 2 | 2 |
| ३ | दाजु, दिदी | 4 | 5 |
| ४ | छोरा, छोरी | 3 | 4 |
| ५ | स्वयं | 20 | 25 |
| ६ | साथी संगत | 15 | 19 |
| ७ | साक्षरता स्वयं सेवक | 25 | 31 |
| ८ | स्थानीय अन्य व्यक्ति | 7 | 9 |
| | ***जम्मा*** | ***80*** | ***80*** |

*श्रोत : स्थलगत सर्वेक्षण -२०६८*

**चित्र ५**

**तालिक ११ लाई वृत्तचित्रबाट प्रस्तुत गर्दा**
**साक्षरता कार्यक्रमका हौसला दिने व्यक्तिको विवरण**

तालिका ४.११ तथा चित्र ५ लाई विश्लेषण गर्दा साक्षरत स्वयंसेवकले महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ भने सहभागीलाई हौसला जगाउने कार्य स्वयं सहभागीहरुको इच्छा र चाहनाबाट भएको देखिन्छ। साथीसंगतले पनि उत्प्रेरणा जगाउन ठूलो भूमिका खेलेको अध्ययनबाट देखिएको छ। सबै भन्दा कम श्रीमानले प्रेरणा दिने कार्य भने २ प्रतिशतमात्र रहेको छ। विवाहित सहभागीहरुलाई विशेष गरी श्रीमानबाट सकारात्मक सहयोग भएको देखिएन। यस तर्फ ग्रामीण जागरण तथा घरदैलो एवं पारिवारीक अर्न्तक्रिया कार्यक्रम संचालन गर्न जरुरी देखिएको छ।

## ४.४ साक्षरता अभियान कार्यक्रमको प्रभावकारिता

अभियानको रुपमा संचालन भएको साक्षरता कार्यक्रमको लगानी देशभर एकैसाथ भए पनि स्थान र क्षेत्र अनुसार यसको प्रभावकारितामा फरकपन पाइएको छ। सरोकारवालाहरु सबैको सक्रियता तथा स्रोत र साधनको उपलब्धता एवं कार्यक्रमको व्यवस्थापन र सञ्चालन

पक्षको सकरात्मक कार्यान्वयनले मात्र आसातित प्रतिफल प्राप्त गर्न सकिने निश्चित प्राय छ। यस अध्ययन क्षेत्रको प्रभावकारितालाई निम्नानुसार प्रस्तुत गरिएको छ।

### ४.४.१. सहभागीहरुको दैनिक व्यवहारमा आएको परिवर्तन

राष्ट्रिय साक्षरता अभियान कार्यक्रम २ बर्ष भित्र देशको निरक्षता उन्मूलन गर्ने अठोटका साथ आएको कार्यक्रम हो। निरक्षरहरुलाई साक्षर बनाउन र उनीहरुको जीवनका व्यवहारीक समस्याहरुलाई सहज ढंगबाट समाधान गर्न सक्षम बनाउने उद्देश्यले नेपाल सरकारले निरक्षरतालाई उन्मूलन गर्ने अभिप्रायले अभियानको रुपमा देशभर यो कार्यक्रम संचालन गरेकोले व्यवहारमा सहभागीहरुका परिवर्तन के कस्ता आए भन्ने शन्दर्भमा सहभागीहरुलाई प्रश्नावली अर्न्तवार्ताबाट बुझ्ने कार्य गरियो। ८० जना सहभागीहरुबाट प्राप्त विवरणलाई तलको तालिका १२मा प्रस्तुतगरिएको छ।

**तालिका (४.१२) साक्षरता अभियान कार्यक्रमले दैनिक व्यवहारमा ल्याएको परिवर्तन**

| *क्र.सं.* | *परिवर्तन भएको व्यवहारको विवरण* | *सहभागी जम्मा ८० जना मध्ये* | *पवितर्नको प्रतिशतमा* |
|---|---|---|---|
| १ | नाम लेख्न र पढ्न सक्ने | 76 | 95 |
| २ | साधारण चिठीपत्र पढ्न र लेख्नसक्ने | 57 | 71 |
| ३ | साधारण जोडघटाउन गर्न सक्ने | 49 | 61 |
| ४ | मोबायल अंक थिच्न र चलाउन सक्ने | 51 | 63 |
| ५ | औषधी, जीवनजल, किटनाशक औषधी लेखेको चिन्ह र पढ्न सक्ने | 53 | 66 |
| ६ | बिजुली टेलीफोनको बीलको अंक थाहा पाउने | 46 | 57 |
| ७ | पसलमा सामान किनबेच गरी रकम लिनदिन सक्ने | 55 | 69 |
| ८ | ज्वरोको तापक्रम नाप्न सक्ने | 44 | 55 |
| ९ | वस्तुको नाप नाप्न सक्ने | 45 | 56 |

*श्रोत : स्थलगत सर्वेक्षण २०६८*

माथि प्रस्तुत गरिएको तालिका नं. ४.१२ लाई विश्लेषण गर्दा नाम लेख्न र पढ्न सक्ने ९५ प्रतिशत, साधारण चिठी पत्र पढ्न र लेख्न सक्ने ७१ प्रतिशत, साधारण जोडघटाउ गर्न सक्ने ६१ प्रतिशत, मोवायल फोन प्रयोग गर्नसक्ने ६३ प्रतिशत औषधीहरुको नाम चिन्न सक्ने ६६ प्रतिशत, बिजुली पानी टेलिफोनको बीलको रकम थाहापाउने५७ प्रतिशत पसलमा किनेबेच गरी रकम थाहापाउने ५७ प्रतिशत, पसलमा किनबेच नाप्न सक्ने ५५ प्रतिशत र वस्तुको नाप नाप्न सक्नेमा ५६ प्रतिशत भएको तालिकाको विश्लेषणबाट देखिन्छ । साक्षरता अभियानले निरक्षरता उन्मूलन सँगै सहभागीहरुको जीवनमा व्यवहारीक परिवर्तनहरु सकारात्मक र प्रभावकारी ढंगले ल्याएको देखिएकोले साक्षरता अभियान कार्यक्रमलाई सन्तोषजनक रुपमा हेर्नु पर्ने देखिएको छ ।

### ४.४.२ स्रोत र साधनको उपलब्धता

निर्देशिका बमोजिम जिल्ला शिक्षा कार्यलयले सहभागी तथा स्थानीय निरीक्षकहरुलाई तालिम दिई सम्वन्धित गा.वि.स. को खातामा कार्यक्रम सञ्चालन बापतको रकम निकासा गरिएको थियो । समयमै पा. पु., फारम तथा आवश्यक शैक्षिक सामाग्री उपलब्ध नहुनु र सम्बन्धित निकाय तथा नागरीक समाजबाट समेत उक्त कार्यक्रमलाई अपुग स्रोत र साधन उपलब्ध गराउने कार्यमा कमी भएको पाइयो । स्थानीय तथा सम्बन्धित केन्द्रका केही अभिभावकहरुले गुन्द्री, सुकुल तथा घर आँगन उपलब्ध गराएको सकरात्मक अवस्था पनि पाईएको थियो ।

### ४.४.३ कक्षा व्यवस्थापन

सञ्चालन भएका साक्षरता कक्षामा आवश्यक पर्ने सामाग्रीहरुको कमीको कारण विधि प्रयोग गरी क्रियाकलाप सञ्चालन गर्न समस्या परेको अवस्था देखिएको छ । चित्र छलफल र समूह छलफलको कार्य गर्ने स्थान साँघुरो भएको अवस्थाले सहभागीहरुको बसाई व्यवस्था असहज ढंगको देखिएको थियो ।

### ४.४.४ निरीक्षण अनुगमन र पृष्ठपोषण

स्थानीय निकायको पूर्ण जिम्मेवारी भएता पनि साक्षरता कक्षाको कोटा वितरण कार्यको सहजीकरण बाहेक अनुगमन कार्य सम्बन्धित गा.वि.स. स्तरबाट भएको पाइएन । समय समयमा दिने पृष्ठपोषणवाट सहयोगी कार्यकर्ता र स्थानीय निरीक्षक बञ्चित रहेका अवस्था देखियो । जिल्ला शिक्षा कार्यलय र जिल्ला विकास समिति बिच समन्वय हुन नसकेको कारण कार्यक्रमका प्रत्यक्ष सरोकारवालाहरुलाइ पृष्ठपोषणको कमी भएको पाइयो ।

### ४.५ साक्षरता अभियान कार्यक्रममा निरीक्षण अनुगमन

राष्ट्रिय साक्षरता अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका २०६५ तथा संशोधन २०६६ अनुसार साक्षरता अभियान कार्यक्रमको लागी केन्द्र तह देखि स्थानीय तहसम्म निरीक्षण अनुगनको व्यवस्था गरिएको छ । साक्षरता कार्यक्रमको निरीक्षण अनुगमनको दायित्व र जिम्मेवारी पाएका व्यक्ति तथा निकायहरुबाट के कति निरीक्षण अनुगमन भयो भनी साक्षरता कक्षाका सहभागी तथा स्वयं सेवकहरुलाई प्रश्नावलीबाट सोध्ने कार्य भई सो बाट प्राप्त विवरणलाई तलको तालिका नं. १३ मा प्रस्तुत गरिएको छ ।

**तालिका (४.१३) साक्षरता अभियान कार्यक्रममा निरीक्षण अनुगमन गर्ने व्यक्तिहरुको संख्यात्मक विवरण**

| क्र.सं. | निरीक्षकको पद | निरीक्षण पटक | निरीक्षण प्रतिशत |
|---|---|---|---|
| १ | स्थानीय निरीक्षक | 4 | 67 |
| २ | वि.नि. | - | - |
| ३ | श्रोतव्यक्ति | 3 | 50 |
| ४ | गा.वि.स पदाधिकारी | 1 | 17 |
| ५ | राजनैतिक दलका प्रतिनिधी | - | - |
| ६ | अन्य संघ संस्था | 1 | 17 |

*श्रोत : श्रोतकेन्द्र प्रोफाएल -२०६७, कटहरी श्रोतेकन्द्र मोरङ्ग ।*

तालिका ४.१३ लाई विश्लेषण गर्ने हो भने साक्षरता अभियानकोलागी ५ दिने तालिम दिई नियुक्ति गरिएको स्थानीय निरीक्षकले ६७ प्रतिशत, जिल्ला शिक्षा कार्यालयका श्रोतव्यक्तिले ५० प्रतिशत गाविस पदाधिकारीले १७ प्रतिशत संघसंस्थाबाट १७ प्रतिशत निरीक्षण अनुगमन भएको देखिन्छ । एउटा निरीक्षकलेएउटा कार्यक्रम प्रत्येक महिनाको २ पटक गरी कार्यक्रम अवधि भर ६ पटक गर्नुपर्ने हुन्छ । जिल्ला शिक्षा कार्यालयका वि.नि. राजनैतिक दलका प्रतिनिधि तथा स्थानीय अभिभावकबाट निरीक्षण अनुगमन भएको देखिएन । निरीक्षण अनुगमन कार्यमा गएका व्यक्ति तथा पदाधिकारीहरुले प्रभावकारी ढंगले निरीक्षण अनुगमन गर्ने नगरेको भेटिएकोले निरीक्षण अनुगमनको अवस्था अत्यन्त फितलो रहेको देखिएको छ ।

## ४.६ राष्ट्रिय साक्षरता अभियान कार्यक्रम संचालनका समस्या

वर्तमान विश्वव्यापीकरणको युगमा विश्वको प्रभावबाट नेपाल अलग रहन नसकेपनि नेपालका केही विशिष्ट प्रकृतिका आफ्नै मौलिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक र अन्य परम्परा, प्रचलन नियम कानुन, सामाजिक व्यवस्था र परम्परागत सामन्ती ढाँचाको समाजको वनावटको कारणले शिक्षा पाउने जस्तो विशिष्ट कार्यबाट धेरै जनसमुदायहरु वंचित रहेको अवस्था छ । निरक्षरता जस्तो भयावह महामारीलाई उन्मूलन गर्ने र नयाँ नेपालको पुन संरचना गर्ने कार्यमा साक्षर व्यक्तिहरुको सहभागिता बढाउने उद्देश्यले राष्ट्रिय साक्षरता अभियान एकै साथ देशभर लागू गरिएको हो । राष्ट्रिय साक्षरता अभियान कार्यक्रमको संचालनको सन्दर्भमा यसका समस्या र समाधानलाई अलग अलग ढंगले व्याख्या विश्लेषण गरिएकोछ ।

कार्यक्रमका सहभागी स्वयंसेवक तथा अन्य सरोकार वालाहरु सँगै सोधिएका प्रश्न अन्तर्वार्ताअनुसूची तथा अवलोकन फारम समेतबाट प्राप्त विवरण अनुसार कार्यक्रम संचालनका समस्याहरु एकमुष्ट रुपमा निम्न देखिएका छन ।

क) निर्देशिका बमोजिम सामग्री समयमा उपलब्ध हुन नसकेको पाइयो । गाविस तथा स्थानीय सरोकारवालाहरुको सक्रिय सहभागीता भएको पाइएन ।

ग) सहभागीहरुको घरायसी काम, खेतीपातीको काम तथा अन्य विभिन्न काममा बाधा पुगेको अनुभव प्राप्त भयो ।

घ) स्थानीय तथा मातृभाषाका पाठ्यपुस्तकहरु नपुग्नाले साक्षरता कार्यक्रमका सहभागीहरुलाई सिक्न ज्यादै असजिलो भएको पाइयो ।

ङ) पढेका तथा सिकेका कुराहरु बिर्सने भएको व्यहोरा थाहा पाइयो ।

च) कक्षा संचालन स्थान तथा केन्द्रमा बस्ने स्थान, सामग्री रखाई तथा अन्य आवश्यक व्यवस्थापन कमजोर भएको पाइयो ।

छ) खानेपानी तथा शौचालयको समस्याले सहभागीहरुलाई धेरै समस्या परेको पाइयो ।

ज) निरीक्षण अनुगमन गर्ने व्यक्तिहरुले प्रशासनिक दृष्टिकोणबाट निरीक्षण गरेको उनीहरुबाट जानकारी पाइयो । निरीक्षण अनुगमन कार्य धेरै कम संख्यामा भएको पाइयो।

झ) सहभागीहरुलाई बत्ती, प्रकाश, चश्मा जस्ता अत्यावश्यक तत्वहरुको कमी रहेको देखियो ।

## ४.७ साक्षरता अभियान कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरु

अध्ययनबाट संकलित तथ्याङ्कलाई व्याख्या र विश्लेषण गर्दा प्राप्त भएको तथ्यको आधारमा निम्न सुझाबहरु प्रस्तुत गरिएको छ ।

क) सहभागीहरुले सिकेका कुराहरु विस्मरण हुन नदिनको लागि सीपमूलक निरन्तर शिक्षाको व्यवस्था हुनु पर्ने देखियो ।

ख) साक्षरता अभियान कार्यक्रम कृषकहरु तथा स्थानीय सहभागीहरुले तय गरेका महिनाहरुमा संचालन हुनु पर्ने देखियो ।

ग) स्थानीय भाषा तथा मातृभाषाका पाठ्यपुस्तक र सन्दर्भसाम्रगी भएमा राम्रो र निर्धारीत समयमा साक्षरता कक्षाबाट उपलब्धी हाँसिल गर्न सकिने अवस्था देखियो ।

घ) स्थानीय तहमा छलफल अर्न्तक्रिया र जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्नु पर्ने देखियो ।

ङ) जनसंख्या तथा निरक्षर संख्याको आधारमा साक्षरताका कोटा तथा संख्या एकिन गर्नु पर्ने देखियो ।

च) स्थानीय निकाय जि.वि.स तथा गा.वि.स. ले समयमै पा.पु. शैक्षिक सामग्री तथा रकमको व्यवस्था गर्नु पर्ने देखियो ।

छ) स्थानीय आवश्यकता र मागका आधारमा साक्षरताका कोटाहरु निर्धारण गर्ने र व्यवहारमा परिपक्व स्वयंसेवक स्वतन्त्र ढंगले छनौट गरिनु पर्ने ।

ज) गाउँ विकास समितिले आफ्नो सेवाक्षेत्र भित्रका सबै वडाहरुमा सर्वेक्षण गरी साक्षर निरक्षरको लगत खडा गर्ने र आफ्नो कोषको निश्चित हिस्सा निरक्षरता उन्मूलन कार्यक्रमको लागी छुट्टाई कार्यान्वयन गर्ने गराउन तर्फ कार्ययोजना निर्माण गर्नुपर्ने आवश्यकता देखियो ।

झ) स्थानीय संघसंस्थाहरु सँग साझेदारी ढंगले कार्यक्रम चलाउनु पर्ने

ञ) निरीक्षण अनुगमन प्रणालीलाई व्यवहारीक वस्तुनिष्ठ र निरन्तर मुखी बनाउनु पर्ने

ट) जिल्ला शिक्षा कार्यालयले निरीक्षण अनुगमनको पूर्ण जिम्मेवारी लिई श्रोत र साधनको परिचालन गर्नु पर्ने

माथि उल्लेखित समस्या र समाधानका उपायहरुलाई प्रतिबद्धताका साथ पूर्ण पालना गरे गराएमा साक्षरता अभियान कार्यक्रमलाई प्रभावकारी बनाउन सकिने छ र यसका लागि सहभागी, स्वयंसेवक, स्थानीय निरीक्षक, अभिभावक, स्थानीय संघसंस्था तथा सरकारी निकाय र सम्बध्द पक्षको समन्वय र कार्यगत एकताको जरुरत पर्ने कुरा अध्ययनबाट देखिएको छ ।

# परिच्छेद पाँच : प्राप्ति, निश्कर्ष र सुझाव

## परिचय

निरक्षता उन्मूलनमा राष्ट्रिय साक्षारता अभियानको प्रभाव विषयको यस सोधकार्यमा राखिएका उद्देश्यहरु तथा यसको औचित्य समेतलाई ध्यान पुऱ्याई सोधकार्यको लक्ष्य प्राप्तिको लागि छनोट गरिएको अध्ययन क्षेत्रका राष्ट्रिय साक्षरता अभियान कार्यक्रममा प्रत्यक्ष सरोकारवालाहरु मध्ये स्वयंसेवक, स्थानिय निरिक्षक, जि.शि.का. का निरिक्षक तथा स्रोत व्यक्ति एवं लक्षित विशेष समुहका सहभागी हरुलाई सोधिएका प्रश्नावली, अन्तरवार्ता अनुसुचीवाट प्राप्त उत्तर, सम्वन्धीत गा.वि.स., स्रोतकेन्द्र, जिल्ला शिक्षा कार्यालयवाट प्राप्त तथ्याङ्क एवं सर्वेक्षण तथा अवलोकन फारमवाट प्राप्त तथ्य तथ्याङ्कको व्याख्या एवं विश्लेषण गरी सो वाट प्राप्त तथ्यलाई यस अध्ययनमा प्राप्तिको रुपमा प्रस्तुत गरिएको छ । अनुसन्धान कार्यमा सोध कार्यको निचोड निकाल्ने कार्य भएका छ जसलाई निश्कर्षको रुपमा प्रस्तुत गरिएको छ । अध्ययनको क्रममा प्राथमिक तथा द्वितिय स्रोतवाट प्राप्त तथ्याङ्कलाई व्याख्या र विश्लेषण गरी देखिएको अवस्थावाट कार्यक्रमको प्रभावकारीताको खोजी गरिएको छ भने कार्यक्रममा देखिएका समस्याको समाधान गर्ने उपायहरुलाई सुझावका रुपमा प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

मोरङ्ग जिल्लाका १६ वटा स्रोतकेन्द्रहरु मध्ये कटहरी स्रोतकेन्द्र सेवा क्षेत्रभित्रका ७ वटा गा.वि.स. अन्तर्गत भौडाहा र थलाहा गा.वि.स. मा संचालन भएका ८ वटा साक्षरता कक्षाका कार्यक्रमहरुवाट प्राप्त तथ्याङ्कको व्याख्या र विश्लेषण गरी प्राप्त गरिएका तथ्याङ्कलाई यस अध्ययन कार्यको प्राप्तिको रुपमा लिईएको छ । यस सोध अध्ययनका प्राप्ति हरुलाई तपसिल अनुसार प्रस्तुत गरिएको छ ।

क) कुल जनसंख्याको ३०७१ प्रतिशत जनसंख्या निरक्षर रहेको पाईयो कुल जनसंख्यावाट हेर्दा महिला निरक्षरताको दर २५.०६ प्रतिशत रहेको पाइयो ।

ख) कुल महिला जनसंख्याको २८.३० प्रतिशत महिलाहरु र कुल पुरुष जनसंख्याको २०.८९ प्रतिसत पुरुषहरु निरक्षर रहेको पाइयो ।

ग) राष्ट्रिय साक्षारता अभियान कार्यक्रममा १५-६० वर्ष उमेर समुहलाई लक्षित उमेर समुह मानिएकोमा १५-२५ को १८ प्रतिशत, र ६० वर्ष भन्दा माथिको २ प्रतिशत सहभागिता रहेको पाइयो ।

घ) साक्षरता कार्यक्रममा महिलाहरुको सहभागिता ८५ प्रतिशत रहेको र अधिकांश सहभागी हरुको पेशा कृषी र घरधन्दा रहेको पाइयो ।

ङ) ३ महिना चल्नुपर्ने साक्षरताका कक्षाहरुको कार्य दिन औषत ५४ र सो को प्रतिशत ६९ रहेको पाइयो भने कक्षा संचालन दैनिक कार्य घण्टा २:३० रहेको पाइयो ।

च) साक्षरता अभियान कार्यक्रम अन्तर्गत संचालन भएका साक्षरता कक्षाका सहभागीहरुको अनियमित प्रतिशत २९ रहेको पाइयो सो को मुख्य कारण घरायसी कामधन्दा प्रतिकूल  समय, कक्षा व्यवस्थापन नभएको, स्वयसेवकको व्यवहार , घरका सदस्यको अवरोध, विरामी, पढाएको नबुझ्नु , गर्मी तथा वर्षाद , विरामी र सुत्केरी भएको पाइयो ।

छ) सहभागीहरु मध्ये १७ प्रतिशतले विचैमा कक्षा छोडेको त्यसको मुख्य कारण घरायसी काम, पारिवारीक अवरोध, कक्षा व्यवस्थापन, स्वयंसेवक व्यवहार, विवाह र बसाइसराई, विरामी र अन्य रहेको पाइयो ।

झ) साक्षरता कार्यक्रममा सहभागीता हुन प्रेरणा दिने मुख्य व्यक्ति स्वयं सहभागी भएको र क्रमशः साथी संगत, स्थानीय अन्य व्यक्ति रहेको पाइयो ।

ज) साक्षरता अभियानका सहभागीहरु मध्ये ९५ प्रतिशतले नाम लेख्न र साधारण पढ्न सक्ने सिप हाँसिल गरेको र दैनिक व्यवहारिक समस्याहरु जस्तै ज्वरोको तापक्रम नाप्ने, वस्तुको नाम भन्ने, विजुली, टेलिफोनको विल अंक थाहा पाउने, मोवाइलको अंक थिच्न सक्ने, साधारण औषधीको नाम पढ्न सक्ने जस्ता आधारभूत सिपहरु हाँसिल गरेको पाइयो ।

ट) स्थानीय निरीक्षकले ६७ प्रतिशत, स्रोतव्यक्तिले ५० प्रतिशत अनुगमन निरिक्षण गरेको पाइयो भने वि.नि., राजनैतिक दलका प्रतिनिधि अभिभावक तथा अन्यबाट निरीक्षण अनुगमन कार्य नभएको पाइयो । साक्षरता कक्षामा समाजमा भएका समस्याहरुको पहिचान गर्ने, समस्याहरु सहभागीहरुलाई पारिचित गराउने, समस्याहरु मध्येहरुबाट एउटा समस्यामा आधारित भई बहस,

छलफल गराउने र सहभागीहरुमा सचेतना बृद्धि गराउने काम गर्नु पर्नेमा त्यस्तो कार्य न्यून भएको पाइयो । साक्षरता कक्षाका सहभागीहरुलाई सामाजिक भावना र मिलेर समस्या पहिचान गरौं र समाधान खोजौं भन्ने क्रियाकलाप साक्षरता विधिको प्रयोगबाट कार्यन्वयन नभएको देखिन्छ ।

## ५.२ निष्कर्ष :

साक्षरता शिक्षाको प्रस्थान विन्दु हो । साक्षरता ज्ञानको कुञ्जी हो । आफ्नो अन्तरनिहित प्रतिभाको प्रष्फुटन गरेर अधिकारीक सक्षमता हाँसिल गरेर शशक्तिकरण गर्न साक्षरता हुदै शिक्षित हुनु पहिलो शर्त हो ।

मानिस साक्षर औपचारिक तथा अनौपचारिक विधिबाट हुन्छ । नेपालमा निरक्षर रहेको जनसंख्यालाई साक्षर बनाउन विगत आ.व. २०६५।०६६ देखि ३ महिने साक्षरता अभियान संचालन हुदै आएको छ । सिमित साधनस्रोत र समयका कारण आशातित उपलब्धी हासिल गर्न हम्मेहम्मे परेको यथार्थता हो । नेपालमा साक्षरता कार्यक्रम संचालन गरी ठूलो लगानी सरकारले गर्दा पनि राष्ट्रको सामाजिक तथा आर्थिक परिर्वतन तथा विकासको बाधक साक्षरता बनिरहेको छ । साक्षरता अभियान हिड्दैछ , पाइला मेट्दैछ, जस्तै भएको छ र पाँच वर्षको अभियान स्वरुप गरिएको प्रयासबाट पनि आशाति प्रतिफल प्राप्त गर्न सकिएको छैन ।

साक्षरता अभियान कार्यक्रमले साक्षारताको दर वृद्धी गर्ने प्रभाव नगरेको हैन, तर लगानी मुताविकको साक्षारता प्रतिशत वृद्धी हुन सकेको छैन । सरकार, नागरीक समाज, संघ संगठनहरु, संस्थाहरु, समुदाय तथा हरेक व्यक्तिले साक्षरता कार्यक्रमको दायित्व लिइ  योजना निर्माणदेखी कार्यान्वयन सम्मका गतिविधीहरुको उत्तरदायित्व र जवाफदेहिता समेत स्पस्ट गरिनुपर्छ । यस अध्ययनको तथ्याङ्क विश्लेषण गर्दा प्राप्त तथ्याङ्कलाई शोध अध्ययन कार्यको निश्कर्षको रुपमा लिइएको छ । साक्षरता अभियान कार्यक्रममा जनसहभागिता अत्यन्त न्यून देखिएको छ । अध्ययनको क्रममा ३१ प्रतिशत जनसंख्या निरक्षर रहेको र त्यसमा पनि महिलाहरुको निरक्षताको दर पुरुषको भन्दा बढी रहेको पाइयो । साक्षरता अभियान कार्यक्रममा ३५-४५ वर्ष उमेर समूहका सहभागीहरुको पहुच बढी भएको, अभियानमा महिलाको सहभागिता ७५ प्रतिशत भएको, अधिकांश सहभागीहरु खेतीपाती, उद्योग, ईटाभट्टा, पशुपालन, व्यापार, व्यवसाय, रिक्सा ठेला तथा घरधन्दा चलाउने कार्यक्रमा संलग्न रहेको

पाइएकोले उनीहरुको इच्छा चाहाना तथा आवश्यकता एवं फूर्सदको समयमको सदुपयोगलाई ध्यान दिई मात्र कार्यक्रम संचालन गर्नुपर्ने निष्कर्ष निकालियो ।

सहभागीहरुमध्ये ८५ प्रतिशत विवाहित भएको, दलित, जनजाति, आदिवासी, मधेशी, मुश्लिम तथा अन्य जातिहरुको सहभागिता प्रभावकारी ढंगले भएको पाइएता पनि निरन्तर कार्यक्रमको अभावका कारण सिकेका सीपहरु विर्सने संभावना रहेको हुँदा निरन्तर सीप सिकाई कार्यक्रम संचालन  हुनुपर्ने निष्कर्ष निकालियो ।

राष्ट्रिय साक्षरता अभियान कार्यक्रमको निरक्षता उन्मुलन कार्यक्रमा ल्याइएका सकारात्मकम परिर्वतनहरु मध्ये सहभागीहरुले तोकिएको कार्यघण्टा सम्म सहभागी हुनु, दैनिक व्यवहारमा आउने व्यवहारिक समस्यालाई हल गर्न सक्नु, दलित तथा पिछडिएको समुदायको सहभागीता हुनु, साक्षरता शन्तोषजनक दरमा वृद्धि हुनु, पाइएको छ भने कार्यक्रम प्रभावकारी हुन नसक्नुमा सहभागीहरुलाई घरायसी तथा अन्य कामको बोझ, अन्धविश्वास, पायक पर्ने ठाउँमा केन्द्र नहुनु, केन्द्र व्यवस्थापन राम्रो नहुनु, स्वयंसेवकको व्यवहार राम्रो नहुनु , संचालन सयममा गर्मी वर्षात हुनु, गहुँ तोरीवाली भित्राउने र मकैवाली लगाउने, धानको वीऊ राख्ने समयमा काममा व्यस्त रहनु पर्ने भएकोले सहभागी हुन समस्या उत्पन्न हुनु, निरीक्षण तथा अनुगमन कार्य अत्यन्त फितलो रहनु, स्वयंसेवक छनोट तथा कोटा निर्धारण कार्य राजनैतिक ढंगले हुनु, समयमा गा.वि.स. बाट स्रोत साधन उपलव्ध नहुनु र उपलव्ध स्रोत र साधन अत्यन्त न्यून रहनुले कार्यक्रमको प्रभावकारीतामा असर परेको निष्कर्ष निकालियो ।

अन्त्यमा नेपालमा निरक्षर रहेको जनसंख्यालाई राष्ट्रिय साक्षरता अभियान मार्फत साक्षर तुल्याउन आवश्यकता अनुसार पकेट क्षेत्रमा अभियान संचालन गर्न सकिने  र निरक्षर जनसंख्या बढी भएका क्षेत्रमा स्रोत र साधनको लगानी बढी नै गर्नुपर्ने हुन्छ । समाजका सवै पक्षहरु अभियानका लागि परिचालित भई दृढ राष्ट्रिय निश्चय, सुनियोजित कार्यक्रम, उचित संगठन, व्यापक जनपरिचालन, वैज्ञानिक पाठ्यक्रम र पाठ्यपुस्तक, तालिम तथा प्रभावकारी सुपरिवेक्षण र अनुगमन कार्य भएमा निरक्षरतालाई उन्मुलन गर्न संभव हुन सक्ने कुराको निष्कर्ष निकालिएको छ ।

## ५.३ सुझाव :

यस शोध अध्ययनको क्रममा संकलन गरिएका तथ्याङ्कहरुको व्याख्या र विश्लेषणबाट निरक्षता उन्मूलनमा राष्ट्रिय साक्षारता अभियानको प्रभावलाई प्राप्ति र निश्कर्षको रुपमा प्रस्तुत गरिएको छ। अव, यस अभियानलाई प्रभावकारी बनाउनको लागि के कस्ता कार्यहरु सम्वन्धित निकाय र व्यक्तिले गर्नु पर्दछ भनी सरोकारवालाहरुका लागि निम्न अनुसारका सुझावहरु प्रस्तुत गरिएको छ।

क) निरक्षहरुको सूची गा.वि.स. वडा र गाउँ नै पिच्छे तयार गर्ने र अनिवार्य साक्षरताको लागि नीतिगत व्यवस्था मिलाउने तथा साक्षरता अभियान कार्यक्रमलाई सामाजिक सेवाको रुपमा अनुभुति गराई साक्षरता बनाउने व्यक्ति वा निकायलाई प्रोत्सहान मूलक कार्यक्रम संचालन गर्नुपर्दछ।

ख) राष्ट्रिय साक्षरता अभियानमा सहभागी भई साक्षर भएका सहभागीहरुको लागि रोजगारी, आयआर्जनको परिवेश निर्माण गर्नु तथा सानातिना व्यापार व्यवसाय संचालनको लागि राज्यले ऋण उपलव्ध गराउनु पर्दछ।

ग) निरक्षरहरु कार्य गर्ने संघ संस्था, होटल कारखाना आदि संग साक्षरता कार्यक्रमको लागि शुल्क लिइनु तथा उसलाई साक्षर बनाउने दायित्व त्यसै संस्थाको हुने कानुनी व्यवस्था मिलाउनुपर्दछ।

घ) सकेसम्म सबै स्थानीय भाषामा माग अनुसारको पाठ्यपुस्तकको व्यवस्था गरी स्थानीय तहमा प्रचार प्रसार गर्ने र एथेष्ट रुपमा स्रोत र साधनको क्षमता बृद्धि गर्न समयमै उपलव्ध गराउन लगानीलाई बृद्धि गर्नुपर्दछ।

ङ) निरिक्षण र अनुगमन संयन्त्रको प्रभावकारी व्यवस्था गरी जिल्ला शिक्षा कार्यालय, विद्यालयको परिचालन र पूर्ण सहयोग लिई प्रभावकारी सुपरिवेक्षणको कार्यान्वयन गरिनुपर्दछ।

च) राष्ट्रिय साक्षरता अभियानसगै चलेका साक्षरताका कक्षाहरु रोचक, समय सुहाउदो, जीवनोपयोगी तथा सीप संग जोडेर अगाडि बढाउनु पर्दछ।

छ) गा.वि.स. गत सामुदायिक अध्ययनकेन्द्र स्थापना गरी सो केन्द्रबाट स्थानीय संजाल निर्माण गर्ने र एकिकृत रुपमा अभियानलाई अगाडि बढाउनु पर्दछ ।

ज) राष्ट्रिय साक्षरता अभियान कार्यक्रममा सहभागिता बढाउन केन्द्र तह हुदै स्थानीय तह सम्म व्यापक रुपमा जनचेतना कार्यक्रम संचालन गरिनुपर्दछ । यस कार्यका लागि विद्युतिय संचार, राजनैतिक दलको अनिवार्य सहभागिता, अभिभावक तथा नागरिक समाज स्थानीय सरकारी तथा गैरसरकारी संघ संस्थाको सक्रियता र सहभागितालाई अनिवार्य रुपमा उपयोग गरिनुपर्दछ ।

झ) साक्षरताका कक्षा संचालन भएका स्थानहरुमा केन्द्र व्यवस्थापनको उचित प्रवन्धको लागि सम्वन्धित गा.वि.स. लाई र सामुदायिक अध्ययन केन्द्रलाई निश्चित बजेट उपलव्ध गराउनु पर्दछ ।

ञ) निरक्षरहरुको संख्याको आधारमा निर्देशिका बमोजिम मापदण्ड निर्धारण गरी कोटा निर्धारण गर्ने र स्वयंसेवक तथा स्थानीय निरीक्षकको छनौट राजनैतिक भागबण्डाको आधारमा नभई स्थानीय आवश्यकता र पारदर्शि ढंगबाट गरिनुपर्दछ । स्वयंसेवक तथा स्थानीय निरीक्षकहरुलाई दिइने हालको पारिश्रमिक न्यून भएकोले यसमा पुनरावलोकन गरी पारिश्रमिकमा बृद्धि गरिनु पर्दछ ।

ट) ३ महिनाको साक्षरता अभियानको समय कम भएकोले अरु २ महिना थप गरी ५ महिनाको बनाउने र राम्रो कामको लागि पुरस्कार र खराव तथा काम नगर्नेलाई दण्ड दिने व्यवस्था कडाइका साथ लागू हुनुपर्दछ ।

ठ) स्थानीय माग र कार्यक्रमका आधारमा साक्षरता कक्षा संचालन गर्ने नीति लिई साझेदारी ढंगले कार्यक्रम संचालन गर्ने कार्यनीति बनाई स्थानीय सहयोग बढीभन्दा बढी जुटाउन पहल गर्नुपर्दछ । सहभागीहरुको समय अनुकुलको लागि भौगोलिक सामाजिक सपूर्ण परिवेशलाई ध्यान दिनु पर्दछ ।

# सन्दर्भसामग्री


अनौपचारिक शिक्षाकेन्द्र, (२०६६), ***अनौपचारिक शिक्षा पाठ्यक्रम,*** भक्तपुर : लेखक ।

अनौपचारिक शिक्षाकेन्द्र, (२०६५), ***राष्ट्रिय साक्षरता अभियान कार्यक्रम निर्देशिका,*** २०६५ भक्तपुर : लेखक ।

अधिकारी, विष्णु प्रसाद (२०६४), ***अन्तरीम योजनामा शिक्षा,*** शिक्षा शैक्षिक पत्रिका, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

आचार्य, विजयप्रसाद (२०६७), ***राष्ट्रिय साक्षरता अभियानको प्रभावकारिता सँग गाँस्न नसकिएका केही सवालहरु,*** साक्षरता विशेषाङ्क २०६७ भक्तपुर : अनौपचारीक शिक्षा केन्द्र ।

कार्की, युवराज (२०६६), ***अनौपचारीक प्राथमिक शिक्षाकार्यक्रम पुरा गरेका बालबालिकाको औपचारीक शिक्षा प्रणालीमा मुलप्रभाहीकरणको अध्ययन,*** भोटाहिटी, काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रप्रसाद (२०६४), ***शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,*** भोटाहिटी, काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

घिमिरे, पुरुषोत्तम (२ ०६४), ***त्रिनीति शिक्षा, ऐतिहासिक परम्परा, आवश्यकता र चुनौतीहरु,*** शिक्षा शैक्षिक पत्रिका, भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

तिम्सिना, जमूना (२०६६), ***साक्षरता विकासमा अनौपचारिक शिक्षाको भूमिका एक अध्ययन,*** स्नातकोत्तर तह दोस्रो बर्षको अप्रकाशित शोधपत्र, सुकुना बहुमूखी क्याम्पस ।

लम्साल, हरीप्रसाद (२०६४), ***शैक्षिक परिवर्तन,अवधारणा, आवश्यकता र चुनौती,*** शिक्षा शैक्षिक पत्रिका भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

वाग्ले, मनप्रसाद र साथीहरु (२०५७), ***कक्षा १० शिक्षक निर्देशिका,*** विषय शिक्षा, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

वाग्ले, रामचन्द्र(२०६६), ***प्रौढ शिक्षाको सन्दर्भमा साक्षरता अभियान कार्यक्रमको प्रभावकारीता,*** स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र, पोखरा : शिक्षा विभाग, शिक्षा शास्त्र, संकाय, पृथ्वीनारायण क्याम्पस ।

शर्मा र शर्मा, (२०६३), ***शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा :*** भोटाहिटी काठमाण्डौं एम.के. पब्लिसर ।

अनौपचारिक शिक्षा केन्द्र, (२०६७), ***साक्षरता विशेषाङ्क,*** भक्तपुर : लेखक ।

# निरक्षरता उन्मूलनमा राष्ट्रिय साक्षरता अभियानको प्रभाव

## अनुसूची एकः सहभागीहरुका लागि अन्तरवाता प्रश्नावली

उत्तरदाताको नाम : लिङ्ग :

वैवाहिक स्थिति : उमेर :

गा.वि.स : वडा नं

तलका प्रश्नहरुमा तपाईका अनुभव सहितका अमूल्यविचार दिई सहयोग गरिदिनु हुन अनुरोध गर्दछु ।

१. तपाईको साक्षरता कक्षा कहिले देखि संचालन भयो ?

उत्तर : .........................................................................

२. साक्षरता कक्षा जानलाई तपाईलाई कुनै समस्या थियो ?

क) थियो ख) थिएन

थियो भने कारण :

उत्तर : .........................................................................

३. तपाईले पढ्ने कक्षामा कतिजना सहभागी थिए ?

उत्तर : .........................................................................

४. तपाईले साक्षरता कक्षामा सहभागी हुनु पर्ने मुख्य कारण के हो ?

उत्तर : .........................................................................

५.सुरुमा साक्षरता कक्षा जान कस्ले सहयोग पु¥यायो ?

उत्तर : ........................................................................

६. तपाईको साक्षरता कक्षामा पढ्ने पढाउने कामको लागि के कस्तो व्यवस्था गरेकोथियो ?

७. तपाईको मुख्य पेशा के हो ?

उत्तर : ........................................................................

८. तपाईको कक्षामा नियमित जानु भयो ?

क) गएको थिए

ख) कहिले काँहि मात्र गएको थिए ।

ग) गएको थिइन

नजाने कारण के थियो ?

उत्तर : ........................................................................

९. स्वयंसेवकले कक्षा संचालन गर्दा तपाईले कस्तो अनुभव गर्नु भयो ?

उत्तर : ........................................................................

१०. तपाईले साक्षरता कक्षामा सहभागी भए पश्चात के के व्यवहारिक सीप हीसल गर्नसक्नु भयो ?

क) आफ्नो नाम लेख्न

ख) अक्षर पढन र लेख्न

ग) हिसाब गर्न

घ) चिठ्ठी पत्र लेखन

ङ) समूहमा मिलेर काम गर्न

च) बचत तथा ऋण सम्बन्धी व्यवहार गर्न

छ) सभा सम्मेलनमा खुलेर बोल्न

ज) औषधी उपचारको नाम चिन्ह र सही प्रयोग गर्न

११. साक्षरता कक्षामा तपाईका मुख्य समस्या के के हुन ?

उत्तर : .........................................................................

१२. उल्लेखित समस्या समाधानका उपायहरु के के हुन ?

उत्तर : .........................................................................

१३. नेपाल सरकारले यो कार्यक्रम प्रभावकारी ढंगले संचालन गर्न के कस्ता क्रियाकलापहरु संचालन गर्नु पर्ला ?

उत्तर : .........................................................................

# निरक्षरता उन्मूलनमा राष्ट्रिय साक्षरता अभियानको प्रभाव

## अनुसूची दुई : स्वयंसेवकहरुका लागि अन्तरवार्ता प्रश्नावली

उत्तरदाताको नाम : लिङ्ग :

वैवाहिक स्थिति : उमेर :

गा.वि.स : वडा नं

तलका प्रश्नहरुमा तपाईका अनुभव सहितका अमूल्यविचार दिई सहयोग गरिदिनु हुन अनुरोध गर्दछु ।

१. एउटा साक्षरता कक्षाको संचालन अवधि कति हो ?

उत्तर : ........................................................................

२. साक्षरता कक्षा संचालन गर्दा कक्षा व्यवस्थापनमा तपाईलाई कस्ले कस्तो सहयोग गरेको थियो ?

उत्तर : ........................................................................

३. स्थानीय निरीक्षकले तपाईको कक्षा कतिपटक निरीक्षण गर्नुभयो र कस्तो सहयोग तपाईलाई प्राप्त भयो ? उत्तर : ........................................................................

४. गाविस बाटप्राप्त शैषिक सामग्री कहिले र कति संख्यामा प्राप्त भयो ?

उत्तर : ........................................................................

५. तालिममा सिकेका कुराहरु व्यवहारमा प्रयोग गर्न तपाईलाई परेको मुख्य समस्या के थियो ?

उत्तर : ........................................................................

६.तपाईले संचालन गरेको कक्षामा कति जना सहभागीहरुथिए ?

उत्तर : ........................................................................

७. तपाईको कक्षामा सहभागीहरुको नियमितता कस्तो थियो ?

क) राम्रो

कारण : उत्तर : ........................................................................

ख) ठिकै :

कारण : उत्तर : ........................................................................

ग) सामान्य ठीक :

कारण : उत्तर : ........................................................................

८. सहभागीहरु अनियमित हुने मुख्य कारणहरु के के हुन् ?

उत्तर : ........................................................................

९. सहभागीहरुले नियमित बनाउने उपायहरु के के हुन्?

उत्तर : ........................................................................

१०. तपाईले संचालन गरेको साक्षरता कक्षा रहेको वडा/टोलमा अन्य निरक्षर प्रौढहरु छन् ?

क) छन्

ख) छैनन्

छन भने संख्या कति छ ? ......................................

११. बाँकी रहेका निरक्षर प्रौढहरुलाई कार्यक्रममा कसरी सहभागी गराउनु पर्ला ?

उत्तर : ........................................................................

१२. कार्यक्रमका सहभागीहरुको व्यवहारमा आएका परिवर्तनहरु के के छन् ?

उत्तर : ........................................................................

१३. साक्षरताकक्षाका प्रौढहरुका मुख्य समस्याहरु के के छन्?

उत्तर : ........................................................................

१४. उल्लेखित समस्या समाधानका उपायहरु के के हुन सक्छन् ?

उत्तर : ........................................................................

१५. साक्षरता कक्षा संचालन गर्दा तपाईले भोगेका मुख्य समस्या के के छन्?

उत्तर : ........................................................................

१६. उल्लखित समस्यालाई समाधान गर्ने मुख्य उपायहरु के के हुन सक्छन् ?

उत्तर : ........................................................................

१७. गाविस ले प्रभावकारी कार्यक्रम संचालनका लागि संचालन गर्नु पर्ने अल्पकालिन र दीर्घकालिन कदमहरु के के हुन सक्छन् ?

उत्तर : ........................................................................

# निरक्षरता उन्मूलनमा राष्ट्रिय साक्षरता अभियानको प्रभाव

## अनुसूची तीन : स्थानीय निरीक्षकका लागि अन्तरवार्ता प्रश्नावली

उत्तरदाताको नाम : लिङ्ग :

वैवाहिक स्थिति : उमेर :

गा.वि.स : वडा नं

तलका प्रश्नहरुमा तपाईका अनुभव सहितका अमूल्यविचार दिई सहयोग गरिदिनु हुन अनुरोध गर्दछु ।

१. तपाईको जिम्मेवारी अन्तर्गत साक्षरताका कक्षाहरुको संख्या कति छ ?

उत्तर : ..........................................................................

२. निर्देशिका बमोजिम तपाईले एउटा कक्षा कति पटक निरीक्षण गर्नु पर्दछ ?

उत्तर : ..........................................................................

३. कार्यक्रम संचालन अवधि भर तपाईले एउटा साक्षरता कक्षालाई कति पटक निरीक्षण गर्नु भयो ?

उत्तर : ..........................................................................

४. स्थानीयनिकायको भूमिका कस्तो पाउनु भयो ?

क) उत्तम

ख) मध्यम

ग) निम्न

५. प्रौढहरुकोसहभागीता कस्तो पाउनु भयो ?

क) शन्तोषजनक

कारण : उत्तर : ..........................................................................

ख) शन्तोषजनक छैन :

कारण : उत्तर : ..........................................................................

६. साक्षरता कक्षामा **Key word Approach** विधि कस्तो थियो ?

क) व्यवहारीक

कारण : उत्तर : ..........................................................................

ख) सैद्धान्तिक

कारण : उत्तर : ..........................................................................

७. साक्षरता स्वयंसेवकका समस्याहरुलाई प्राथमिकतामा कसरीराख्नु हुन्छ ?

उत्तर : ..........................................................................

८. साक्षरता स्वयंसेवकले राखेका समस्याका समाधानका उपायहरु के के हुन सक्छन् ?

उत्तर : ..........................................................................

९. साक्षरता कक्षाका सहभागीहरुले बिचैमा कक्ष छाड्ने रनियमित नहुने कारणहरु के के होलान् ?

उत्तर : ..........................................................................

१०. नियमित कक्षा संचालन नियमित उपस्थिति तथा कक्षा व्यवस्थापनको लागि आवश्यक वातावरण निर्माण गर्ने तत्व के के हुन् ?

उत्तर : ..........................................................................

११. साक्षरता कक्षा प्रवेश पश्चात उक्त अवधिमा प्रौढहरुको व्यवहारिक सीप कस्तो रुपमा पाउनु भयो ?

१२. प्रौढ साक्षरता कक्षाका मुख्य समस्याहरु के के हुन् ?

उत्तर : .........................................................................

१३. उल्लेखित समस्या समाधानका उपायहरु के के हुन सक्छन् ?

उत्तर : .........................................................................

१४. कार्यक्रमको प्रभावकारीताको लागि केन्द्रीय तह र स्थानीय तह एवं क्रियाकलाप चाल्नुपर्ने अल्पकालिन र दीर्घकालिन कदमहरु के के हुनु पर्ला ?

उत्तर : .........................................................................

# निरक्षरता उन्मूलनमा राष्ट्रिय साक्षरता अभियानको प्रभाव

## अनुसूची चार : वि.नि./स्रोतव्यक्तिहरुका लागि अन्तरवार्ता प्रश्नावली

उत्तरदाताको नाम : लिङ्ग :

वैवाहिक स्थिति : उमेर :

गा.वि.स : वडा नं

तलका प्रश्नहरुमा तपाईका अनुभव सहितका अमूल्यविचार दिई सहयोग गरिदिनु हुन अनुरोध गर्दछु ।

१. संचालित साक्षरताका कक्षाहरुको संचालन व्यवस्थापन पक्ष कस्तो पाउनु भयो ?

उत्तर : ........................................................................

२. सांलन गरिएका साक्षरताका कक्षाहरुमा मुख्यतया प्रौढ सहभागीहका के कस्ता समस्याहरु देखा परेका छन् ?

३. उल्लेखित समस्याहरु समाधान गर्ने उपायहरु के के हुन् ?

उत्तर : ........................................................................

४. साक्षरता कार्यक्रमको संचालन गर्दा आइपरेका मुख्य समस्याहरु के के हुन् ?

उत्तर : ........................................................................

५. उल्लेखित समस्याहरुसमाधान गर्न स्थानीय र सरकारी स्तरबाट के कस्ता उपायहरु अवलम्बन गर्न आवश्यक ठान्नु हुन्छ ?

क) स्थानीय तथासामुदायिक स्तरबाट

ख) गैरसरकारी संघ संस्थाबाट

ग) सरकारी स्तरबाट

६.साक्षरता कक्षा निरीक्षण अनुगमन कार्य गर्ने तपाईको जिम्मेवारी र चुनौतीहरु के कस्ता छन् ? उल्लेखित जिम्मेवारी र चुनौतीलाई सामना गर्ने तपाईको भूमिका कस्तो हुनु पर्ला ?

उत्तर : ........................................................................

७. राष्ट्रिय साक्षरता अभियान कार्यक्रमलाई प्रभावकारी बनाउन सरकारले अपनाउने अल्पकालिन र दीर्घकालिन नीति कस्तो हुनु पर्ला ?

उत्तर : ........................................................................

# निरक्षरता उन्मूलनमा राष्ट्रिय साक्षरता अभियानको प्रभाव

अनुसूची पाँच : प्रौढ साक्षरता कक्षाहरुको फारम

| *क.सं.* | *संचालित कक्षा केन्द्र* | | *गा.वि.स.* | *स्वयंसेवक* | *स्थानीय निरीक्षक* | *सहभागी वि.नि.,स्रो.व्य* | *जम्मा* |
|---|---|---|---|---|---|---|---|
| | *वडा* | *टोल* | | | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| **कूल जम्मा** | | | | | | | |